## ज्वालामूखी गाउँपालिकाको
## आर्थिक वर्ष २०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रम

ज्वालामूखी गाउँपालिकाको गाउँसभा (पाँचौं अधिवेशन) मा उपस्थित प्रमुख अतिथिज्यू, अतिथिज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, साथै हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस गाउँसभा सफल बनाउन तथा यसको गरिमालाई बढाउन पाल्नु हुने सबै पेशा, वर्ग, सेवा र समुहमा आबद्ध सम्पूर्ण अतिथि महानुभावहरुमा म यस गाउँपालिकाको जन निर्वाचित प्रमुख र गाउँपालिका परिवारको तर्फबाट हार्दिक स्वागत एवं आभार व्यक्त गर्न चाहन्छु ।

सर्वप्रथम, नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र र जनजीविकाको लागि भएका विभिन्न आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन गुमाउनु हुने गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्दछु ।

कोभिड-१९ महामारीका कारण मानव जातिमाथि शताब्दीकै सबैभन्दा ठूलो सङ्कट पैदा भएको छ । विश्वस्तरमै यस महामारीविरुद्ध लड्न मौजुदा स्वास्थ्य सेवा र सुविधाहरू अपर्याप्त देखिएका छन् । यस महामारीबाट लाखौं मानिसको ज्यान गइसकेको छ भने अरू लाखौं सङ्क्रमित छन् । यस महामारीबाट सङ्क्रमित भई नेपाल भित्र र बाहिर जीवन गुमाउनु हुने नेपाली तथा अन्य मित्रराष्ट्रका नागरिकहरु प्रति हार्दिक श्रद्धाञ्जली अपर्ण गर्दछु । साथै शोकाकुल परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछु । उपचाररत सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूको शीघ्र स्वास्थ्य लाभ को कामना गर्दछु ।

धादिङ जिल्लाको मध्य भागमा अवस्थित यो गाउँपालिकाले विकासका विविध सम्भावना बोकेको छ । वेशीदेखि पहाड सम्मको सबै प्रकारको प्राकृतिक विविधता बोकेको यस गाउँपालिका क्षेत्रमा कृषि र पर्यटनलाई नमूनाको रुपमा विकास गरी समग्र गाउँको आर्थिक, सामाजिक तथा पूर्वाधार विकासमा उल्लेखनीय योगदान हुने सम्भावना देखेको छु । जिल्ला सदरमुकामसँग जोडिएको यस गाउँपालिका क्षेत्र भित्रको कुनै पनि भु-भाग विकट अबस्थामा रहेको छैन । बूढीगण्डकी जस्तो नेपालको राष्ट्रिय गौरवको अत्याधुनिक जलासययुक्त जलविद्युत् आयोजनाको सबैभन्दा बढी प्रभावित क्षेत्र यसै गाउँपालिकामा पर्दछ । यहाँबाट उक्त जलासय र उत्तर तर्फको मनोरम गणेश हिमाल लगायत अन्य विभिन्न हिमश्रृंखला अवलोकनको साथै दक्षिण महाभारत लेकको हरियाली दृश्य अवलोकनको लागि उपयुक्त स्थान रहेको छ । गाउँपालिकाको सामीप्यमा रहेका नेत्रावती र बुढीगण्डकीको अविरल बहाव, बुढीगण्डकीको सौन्दर्यता, चरन क्षेत्र र टारहरुको मनमोहक दृश्य तथा संस्कृतिका रुपमा रहेका जलमूखीमाई, ढोला मण्डली, मैदी कोट, खरि कोट, मजकोट, रुपाकोट, अनकन्या (चैनपुर कोट) जस्ता धार्मिक, पुरातात्विक एवं पर्यटकीय प्रचुर सम्भावना बोकेका क्षेत्रको विकासको माध्यमबाट गाउँपालिकामा पर्यटन, आर्थिक, सामाजिक, तथा



ज्वालामुखी गाउँपालिका पाँचौं अधिवेशन

पूर्वाधार विकास गर्न सकिने प्रवल सम्भावनाहरु रहेका छन् । हामीसँग मौजुदा स्रोतवाट पनि यसको दिगो परिचालनको अभावमा अपेक्षित सामाजिक तथा आर्थिक विकास गर्न सकेका छैनौं । यद्यपि उपलब्ध स्रोत साधनको प्रभावकारी प्रयोग गर्दै सकारात्मक सोंच, दृढ संकल्प र सामुहिक ईच्छा शक्तिका साथ अघि बढेमा हामीले कल्पना गरेको समृद्ध ज्वालामूखी निर्माण गर्न सुदुर भविष्य पर्खनु पर्नेछैन ।

हामी सबै जानकार नै छौं, हाम्रा चाहना र आवश्यकताहरु असीमित छन्, तर स्रोत र साधन सीमित छ । सीमित स्रोत र साधनको न्यायोचित वितरण तथा अधिकतम् प्रयोगबाट समग्र गाउँपालिका क्षेत्रका आम नागरिकको विकास तथा परिवर्तनको चाहनालाई सम्बोधन गर्न प्रयास गरिने छ । तसर्थ सिमित स्रोत र साधनलाई विनियोजन गर्दा प्राथमिकताका आधारमा योजना छनौट गरी समूदायको अधिकतम जनसहभागिता, सहकार्य तथा सामूहिक स्वार्थ र साझेदारीमा विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने अहिलेको टड्कारो आवश्यकता र यथार्थ हो । यसलाई कार्यान्वयन गर्नका निम्ति सम्पूर्ण राजनैतिक दल, कर्मचारी, विभिन्न सरकारी तथा गैर सरकारी संघ सस्था, विकास प्रेमी व्यक्तित्वहरु तथा निर्वाचित पदाधिकारी ज्यूहरुसंग सहयोग एवं सहकार्यको आशा र अपेक्षा गरेको छु ।

जनताको अभिमत सहित हामी निर्वाचित भएर यस गाउँपालिकाको विकासमा योगदान गरी गाउँपालिकालाई सम्वृद्धि तर्फ लैजानका लागि अठोट एवं उद्देश्यका साथ आएका थियौं । गाउँपालिकामा रहेका विविध समस्या र चुनौतिका बाबजुत पनि यस गाउँपालिका क्षेत्रको समृद्धि र विकास कसरी गर्न सकिन्छ, भन्ने तर्फ हामी निर्वाचित पदाधिकारीहरु निकै सचेत रहि गाउँपालिकालाई विकास तर्फ डोऱ्याउन उद्धत छौं भन्ने व्यहोरा जानकारी गराउन चाहन्छु । जनताको आकांक्षा, चाहना र भावनालाई सम्बोधन गर्ने दृढ संकल्पका साथ आ.व. ०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवको अनुभुति गरेको छु ।

आगामी आ.व.को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नु भन्दा अगाडि चालु आ.व.को नीति तथा कार्यक्रमको संक्षिप्त समीक्षा गर्न चाहन्छु ।

**आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रमको समीक्षा :**

१. गाउँपालिकामा प्राप्त हुने सुझाव र गुनासाहरु लिखित वा मौखिक रुपमा सिधै प्राप्त गरी उक्त सुझाव र गुनासालाई सम्वोधन गरिने व्यवस्था मिलाइएको छ । गाउँपालिकाको सेवा प्रवाहसँग सम्बन्धित २८ वटा स्थानीय कानूनहरु तयार गरी कार्यान्वयनमा ल्याइएको छ । गाउँपालिकावासीलाई छिटो-छरितो रुपमा न्याय प्रदान गर्नका लागि न्याय सम्पादन

सम्वन्धी कार्यविधि, २०७५ जारी गरिएको छ । सबै वडा कार्यालयमा मेलमिलाप केन्द्र गठन गरी मेलमिलाप हुने प्रकृतिका स्थानीय विवादहरु वडास्तरमै मेलमिलाप गराई विवाद निरुपण गर्ने प्रक्रिया थालनी गरिएको छ ।

२. गाउँपालिका क्षेत्रमा अपराध नियन्त्रण, दुर्घटना न्यूनीकरण र सुशासन प्रवर्द्धन गर्न पालिकाको कार्यालय क्षेत्रको मुख्य-मुख्य स्थानहरुहरुमा सीसि टि.भी. क्यामेरा राख्ने कार्य प्रारम्भ गरिएको छ । कार्यालय व्यवस्थापनलाई पारदर्शी बनाउनका लागि गाउँपालिकाका अधिकांश कार्यकक्षहरुमा सीसी.टी.भी. क्यामेरा जडान गरिएको छ । गाउँपालिकावासीको सुरक्षा व्यवस्था मिलाउन नेपाल प्रहरी र सामुदायिक संघ संस्थाहरुसंग सहकार्य गरिएको छ ।

३. विकास प्रक्रियामा दीगोपना, स्वामित्व र जनसहभागिता अभिवृद्धि गर्न विकेन्द्रित विकासको प्रारुप बमोजिम वडास्तरीय विकास योजना वडा कार्यालयमार्फत सञ्चालन गर्न वडाहरुलाई जनसंख्या, क्षेत्रफल, कर परिचालन र विकासको अवस्थाको आधारमा वर्गीकरण गरी निःशर्त अनुदान उपलब्ध गराइएको छ । सबै जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको क्षमता विकास सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गरिएको छ ।

४. गाउँपालिका क्षेत्रभित्रका सरकारी, सार्वजनिक तथा पर्ति जग्गाको पहिचान गर्ने, अतिक्रमण रोकी संरक्षण गर्ने कार्य वडा कार्यालयहरुमार्फत अभियानका रुपमा अगाडि वढाईएको छ ।

५. गाउँपालिका क्षेत्रभित्रका मुख्य बजारमा रात्रीको समयमा हुने अपराधिक गतिविधि नियन्त्रण तथा विशेष परिस्थिति वस हुने नागरिकको आवागमन सहजताको लागि सडक सोलार वत्तीको व्यवस्था गरिएको ।

६. ऐतिहासिक एवं वातावरणीय दृष्टिले महत्वपूर्ण रहेका,समुदायको अत्यावश्यकीय परियोजनाहरुको विस्तृत योजना प्रतिवेदन तयारी कार्य सम्पन्न भई कार्यान्वयनका लागि प्रक्रिया अगाडि बढेको छ ।

७. गाउँपालिकासंगको समन्वयमा राष्ट्रिय पुनःनिर्माण प्राधिकरणद्धारा नीजि आवास निर्माण कार्य द्रुत गतिमा अगाडि वढिरहेको छ । गाउँपालिका क्षेत्रभित्र रहेका ऐतिहासिक मठमन्दिर,पोखरी तथा ढुंगेधाराहरुको तथ्याङ्क संकलन गरी संरक्षण र विकास कार्यको थालनी भएको छ ।

८. नेपाल सरकारद्धारा ज्येष्ठ नागरिकलाई उपलब्ध गराइएको सामाजिक सुरक्षा भत्ता घर-घरमै उपलब्ध गराईने व्यवस्था मिलाईएको छ । सामुदायिक स्वास्थ्य प्रवर्द्धन केन्द्रलाई विस्तार गर्दै निःशुल्क स्वास्थ्य परीक्षण सेवा सञ्चालन गर्ने तथा सरकारले तोकेबमोजिमका औषधी निःशुल्क वितरण गर्ने गरिएको छ ।

९. गाउँपालिकाको विशेष गरेर बजार क्षेत्रभित्रका भवनहरुको सबलता, सुरक्षा र जोखिम न्यूनीकरण गर्न प्रचलित भबन निर्माण सम्बन्धी मापदण्ड र सडकको क्षेत्राधिकार (Right of Way) तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ ।

१०. समग्र गाउँपालिकाबाट विद्युतीय शासन प्रणालीलाई अवलम्वन गरी अनलाइनबाट सेवाहरु प्रदान गर्ने प्रयास गरिएको छ ।

११. गाउँपालिकाको लेखा प्रणालीलाई चुस्त दुरुस्त राख्न (SUTRA) प्रणालीको अवलम्वन गरिएको छ भने संचालित योजनाहरुको सम्झौता देखि भुक्तानी सम्मका प्रक्रियाहरु सफ्टवेयर मार्फत सम्पादन गर्ने गरिएको छ ।

१२. हाल विश्वभर महामारीको रुपमा फैलिएको कोभिड १९ को प्रभावलाई न्यून गर्न यस गाउँपालिकामा अन्यन्त्र जिल्ला तथा देशहरुबाट आउने नागरिकहरुका लागि वडा नं. २ र ६ मा पालिका स्तरीय र अन्य वडामा अती स्तरीय गुणस्तरयुक्त एकान्तबास ( Quarentine) केन्द्र स्थापना गरी संचालनमा ल्याइएको छ ।

**गाउँसभाका सदस्यज्यूहरु,**

१३. . यस गाउँपालिको आगामी आर्थिक बर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम राज्यको लोककल्याणकारी अवधारणा, नेपाल सरकारले लिएको “समृद्ध नेपाल सुखी नेपाली” बनाउने दीर्घकालीन सोच समेतका आधारमा आर्थिक, सामाजिक र साँस्कृतिक रुपमा पछाडि परेका/पारिएका समुदायहरुलाई समेत उच्च प्राथमिकतामा राख्दै र आम गाउँपालिकाबासीको सर्वोपरी हितलाई केन्द्र भागमा राखी तयार पारिएको छ ।

१४. ज्वालामूखी गाउँपालिकाकाको नीति, योजना तथा कार्यक्रमहरु पहिचान गर्ने, नीतिगत निर्णय गर्ने, कानूनी प्रबन्ध गर्ने तथा कार्यान्वयनलाई प्रभावकारी रुपमा कार्यसम्पादन गर्न गाउँसभा, गाउँकार्यपालिका, अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, विषयगत समितिहरु, वडा अध्यक्षहरु, गाउँकार्यपालिकाका सदस्यहरु तथा वडा सदस्यहरु, विज्ञ सल्लाहकारहरु र कर्मचारी संयन्त्रबाट कार्य भई आएको व्यहोरा अवगत नै छ ।

१५. गाउँपालिकाद्धारा सम्पादित कार्यहरुमा स्थानीय राजनीतिक दल, बुद्धिजीवी, स्वयंसेवी, नागरिक समाज र आम संचारको भूमिका अझ महत्वपूर्ण रहेको छ । यी सबै

ज्वालामुखी गाउँपालिका पाँचौं अधिवेशन

पक्षलाई ध्यान दिई नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन,२०७४, विभिन्न विषयगत कानूनहरु, ज्वालामूखी गाउँपालिकाको आर्थिक बर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम र सोको कार्यान्वयनको अवस्था, नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम, पन्ध्रौं योजना, बागमती प्रदेशको आवधिक योजना, दिगो विकास लक्ष्य, संघीय तथा प्रदेश सरकारबाट प्राप्त भएका मार्गदर्शन, गाउँपालिकाको आवधिक र क्षेत्रगत योजनाले निर्दिष्ट गरेका दुरदृष्टि, लक्ष्य र उद्धेश्यहरु, विभिन्न विषय विज्ञहरुबाट प्राप्त सुझावहरु समेतलाई आत्मसाथ गरी आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

१६. सुशासन लोकतन्त्रको आधारस्तम्भ भएकोले गाउँपालिकाका कार्यहरुमा पारदर्शिता,आर्थिक अनुशासन तथा सामाजिक न्यायलाई अङ्गिकार गर्दै भ्रष्टचार मुक्त विधिको शासन व्यवस्थाको सुनिश्चितता गरिनेछ । स्थानीय जनताको जीवनस्तर माथि उकास्न स्थानीय ज्ञान, सीप र क्षमतालाई प्रश्रय दिने नीति अवलम्बन गरिनेछ ।

१७. गाउँपालिकाका भौतिक तथा सामाजिक उत्थानका योजनाहरु वनाउँदा वातावरणीय प्रभाव, जलवायु परिवर्तन तथा उत्थानशिलतालाई विशेष ध्यान दिइनेछ । समुन्नत गाउँपालिका निर्माणको कार्यमा समुदाय, सहकारी, गैरसरकारी तथा निजी क्षेत्र लगायत साझेदार संघसंस्थाहरुको सहकार्यलाई आत्मसाथ गर्दै सहभागितामूलक साझेदारीलाई प्रश्रय दिने र बहुलगानीको सम्भावना बढाउने कार्यलाई प्राथमिकता दिइनेछ ।

१८. गाउँपालिकाबाट प्रवाह गरिने सेवा प्रवाहको प्रवर्द्धन एवं कोभिड-१९ बाट सृजित संकट व्यवस्थापनका लागि आवश्यक कानूनहरु (ऐन, नियमावली, कार्यविधि, मापदण्ड, निर्देशिका, दिग्दर्शन आदि), दीर्घकालीन, आवधिक र विषय क्षेत्रगत योजना, प्रोजेक्ट बैंक, गुरुयोजना तथा नीतिहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१९. ज्वालामूखी गाउँपालिकावासीको जीवन पद्धतिमा अर्थपूर्ण परिवर्तन आउन सक्ने परियोजनाहरुलाई गाउँपालिकाको विशेष महत्वका आयोजना मानिनेछ र यस्ता आयोजनाहरु आगामी तीन वर्षभित्रमा आधारभूत रुपमा सम्पन्न गरिनेछन् ।

२०. ज्वालामूखी गाउँपालिकाको स्वमूल्याङ्कन र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण पश्चात् निर्माण गरिएको कार्ययोजना कार्यान्वयनका लागि आवश्यक कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

२१. गाउँपालिकाको दिगो विकासको लागि **"शिक्षा, स्वास्थ्य, कृषि , पर्यटन र पूर्वाधार - समृद्ध ज्वालामूखीको मूल आधार"** भन्ने दीर्घकालिन सोचका साथ गाउँपालिकाको दीर्घकालिन रणनीति सहितको आवधिक योजना निर्माण भइसकेकाले गाउँपालिकावासीको आवश्यकता र चाहनालाई आत्मसाथ गर्दै हरेक वर्ष विकासको नयाँ अभियान सञ्चालनमा ल्याइनेछ । उल्लेखित पृष्ठभूमिमा ज्वालामूखी गाउँपालिकाबाट आर्थिक वर्ष २०७७/०७८ को लागि निम्न नीतिहरु अवलम्वन गरिनेछ ।

**गाउँसभाका सदस्यज्यूहरु,**

अव म यस गाउँपालिकाको आगामी आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु । नीति तथा कार्यक्रम प्रस्तुत गर्नु पूर्व यस गाउँपालिकाको वार्षिक विकास योजनाको सोंच, लक्ष्य र उद्देश्यको बारेमा छोटो प्रस्तुत गर्न चाहान्छु ।

**ज्वालामूखी गाउँपालिकाको दीर्घकालिन सोंच : "शिक्षा, स्वास्थ्य, कृषि , पर्यटन र पूर्वाधार-समृद्ध ज्वालामूखीको मूल आधार"** रहेको छ ।

**लक्ष्य :** गाउँपालिकाको सामाजिक, आर्थिक, मानवीय विकासमा अभिवृद्धि भई गाउँबासीको जीवनस्तरमा गुणात्मक सुधार भएको हुनेछ ।

**उद्धेश्य :** गाउँपालिकाको सामाजिक, आर्थिक, मानविय विकास समावेशी तथा गुणस्तरीय र वातावरणीय रुपमा सन्तुलित भई गाउँवासीको जीवनयापन गतिशील तथा सुरक्षित भएको हुनेछ ।

## सामाजिक विकास :

(क) **शिक्षा नीति :**

जीवन उपयोगी, आधुनिक, व्यावसायिक एवं प्रविधियुक्त शिक्षामा जोड दिई सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गरिनेछ ।

१. विद्यालय शिक्षामा स्थानीय पाठ्यक्रम बनाई यसै वर्ष जारी गरिनेछ, यसरी निर्माण गर्ने पाठयक्रममा स्थानीय भाषा, रहन सहन, कला संस्कृति, नैतिक शिक्षा समेत समेटिनेछ ।
२. आधारभूत तहसम्मको शिक्षा अनिवार्य र माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क गर्न आवश्यक व्यवस्था गरिनेछ । विचैमा विद्यालय छोड्ने प्रवृत्तिलाई निरुत्साहित गर्न आवश्यक पूर्वाधार निर्माण गर्नुका साथै बालमैत्री शिक्षण विधि अबलम्बन गरिनेछ । जेहेन्दार, गरिब तथा विपन्न वर्गका वालवालिकाहरुलाई आवश्यकता अनुसार पाठ्यपुस्तक,

ज्वालामूखी गाउँपालिकाको पाँचौं अधिवेशन

पाठ्यसामाग्री र पोसाक लगायतका सामाग्री उपलब्ध गराई अभिभावकत्व प्रदान गर्ने कार्यको शुरुवात गरिनेछ ।

३. **प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार, समृद्ध गाउँपालिका निर्माणको आधारलाई** साकार गर्न आगामी दुइ वर्षभित्र गाउँपालिका क्षेत्र भित्र कम्तिमा एकवटा विषयगत प्राविधिक शिक्षालय स्थापनाका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

४. सामुदायिक विद्यालयका शिक्षक तथा विद्यार्थीहरुको विद्युतीय माध्यमबाट रेकर्ड र रिपोर्टिङ्ग प्रणालीको  स्थापना गरी एक वडा एक नमूना विद्यालय कार्यक्रम लागू गरिनेछ । गाउँपालिका क्षेत्र भित्रका सवै विद्यालयहरुमा सि.सि. क्यामेरा र विद्युतीय हाजिरी प्रणालीलाई लागु गरिनेछ (कर्मचारी तथा शिक्षक) यसले सार्वजनिक सेवा तथा क्षमता विकासमा ठुलो टेवा पुग्नेछ ।

५. विद्यालय भर्ना दर बृद्धि गर्ने तथा कक्षा छोड्ने दर न्यून गर्न विद्यालय भर्ना अभियान र विद्यालय जानका लागि प्रेरित गर्न विभिन्न कार्यक्रम सञ्चालन गरीनेछ । साथै सरकारी, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैर सरकारी संस्थाको सहयोग, समन्वय र सहकार्यमा औपचारिक शिक्षाबाट बञ्चित बालबालिका तथा बयस्कका लागि प्रौढ कक्षा, वैकल्पिक शिक्षा र साक्षरता कक्षाहरु संचालन गर्न विभिन्न संघ संस्थाहरुसँग सहकार्य गरिनेछ ।

६. सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि र प्रोत्साहनका लागि आधारभूत तह र माध्यमिक तहको  परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने ३/३ विद्यालयलाई प्रत्येक वर्ष उत्कृष्ट शिक्षा पुरस्कार प्रदान गर्ने कार्यको थालनी गरिनेछ भने गाउँपालिका क्षेत्र भित्र हरेक वर्ष एस. ई. ई. मा उत्कृष्ट नतिजा ल्याउने सामुदायिक विद्यालयका छात्र/छात्रा १/१ जनालाई सम्मान गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

७. सामुदायिक विद्यालयभित्रका खुला स्थानहरुलाई धुलोमुक्त बनाउने, फलफूलको विरुवाहरु रोप्ने, बाल, लैङ्गिक तथा अपाङ्गतामैत्री शौचालय निर्माण गर्ने, शुद्ध पिउने पानीको व्यवस्था गर्ने, खुल्ला क्षेत्रमा पानी पुनर्भरण (रिचार्ज) कार्यक्रम गर्ने, फोहोरमैला राख्ने भाँडोको प्रवन्ध गर्ने, सबै विद्यालयहरुमा बालमैत्री चित्र र सन्देशहरु लेख्ने एवं एउटै रङ्ग लगाउने लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

८. गाउँपालिका क्षेत्र भित्रका सबै शिक्षण संस्थाहरुको सूची तयार गरी उक्त संस्थाहरुको अनुगमन तथा मुल्याङकन गरीनेछ । सामुदायिक विद्यालयहरुमा प्रारम्भिक बाल विकास केन्द्र तथा पूर्व प्राथमिक कक्षा सञ्चालन गर्न प्रोत्साहन गरिनेछ । ती केन्द्रहरुमा बालमैत्री गाउँ स्थापनाको सूचक बमोजिम कृयाकलाप समेत सञ्चालन गरिनेछ ।

९. गाउँपालिका क्षेत्र भित्रका विद्यालयको नक्साङ्कन तयार गरी विशिष्टिकृत कार्यविधि तथा मापदण्ड तयार गरी विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यलाई वैज्ञानीक प्रणाली अपनाई शैक्षिक क्षेत्रको थप व्यवस्थापन र गुणस्तरीय शिक्षामा जोड दिईने छ ।

१०. विद्यालयमा गुणस्तरीय शैक्षिक वातावरण स्थापना गर्न सुरक्षित भवन, पर्याप्त फर्निचर, पुस्तकालय, शैक्षिक सामाग्री, प्रयोगशाला, खानेपानी, छात्र छात्राका लागि छुट्टाछुट्टै शौचालय, अपाङ्ग शौचालय, खेलकुद सामाग्री व्यवस्था जस्ता न्यूनतम पूर्वाधारमा ध्यान दिइ गुणस्तरीय पठनपाठन कार्यलाई अगाडि बढाइनेछ । यसको लागि आवश्यक वजेट विनियोजन गरीएको छ ।

११. भुकम्पबाट क्षति भएका विद्यालय भवनहरुको पुनःनिर्माणको लागि राष्ट्रिय पुनःनिर्माण प्राधिकरणसँग समन्वय गरी तदारुकताका साथ उक्त भवनहरु निर्माण गर्नका लागि पहल गरिनेछ ।

१२. बाल विकास केन्द्र र विद्यालयस्तरमा गुणस्तरीय शिक्षा प्रदान गर्न बालमैत्री पूर्वाधार तथा भौतिक निर्माणमा जोड दिईनेछ ।

१३. प्राथमिक उमेर समुहका सम्पूर्ण बालबालिकाहरुलाई विद्यालय भर्ना गराउन वडा समितिमार्फत प्रोत्साहित गरिनेछ र सवै वडा तहसम्म सञ्चालित विद्यालयहरुमा गुणस्तरिय शिक्षाको प्रत्याभुति गरिनेछ ।

१४. गाउँपालिकाको वडा नं.५ स्थित श्री अन्नपूर्ण मा.वि. ज्वालामूखी ५ खरी घलेडाँडामा पशु विज्ञान प्राविधिक शिक्षालय गत आर्थिक वर्षवाट शुरु भैसकेको र अन्य वडाको हकमा समेत भिन्न भिन्न विषयको प्राविधिक शिक्षालय स्थापना गर्ने कार्यक्रम रहेको हुँदा उक्त कार्यलाई अगाडी बढाईनेछ ।

१५. सवै विद्यालयहरुमा शुद्ध तथा स्वच्छ पिउने पानीको परीक्षण र सो को आवश्यक व्यवस्थापन गर्न पहल गरिनेछ ।

१६. गाउँपालिका क्षेत्र भित्र उच्च शिक्षा सञ्चालन गर्ने क्याम्पस, तालिम केन्द्र जस्ता प्राज्ञिक विषयहरु सञ्चालनमा इच्छा जाहेर गर्ने राष्ट्रिय स्तरका निकायहरुसँग सहकार्य गर्ने नीति लिईने छ । यसको लागि आ.व. ०७७।७८ देखि सार्वजनिक नीजि साझेदारीको अवधारणा अगाडि बढाइनेछ ।

१७. गाउँपालिका क्षेत्र भित्र रहेको सम्पूर्ण आधारभूत विद्यालयको वाल शिक्षामा सुधार ल्याउन आवासीय विद्यालयको ढाँचा अनुरुप कार्यक्रम तयार गरिनेछ ।

१८. सामुदायिक विद्यालयमा वालवालिका भर्ना अभियानका लागि संस्थागत घरदैलो कार्यक्रम गरिने छ ।

ज्वालामुखी गाउँपालिका पाँचौं अधिवेशन

१९. वालवालिकाले विद्यालय छाड्नुको मुख्य कारण पत्ता लगाई सोको निदान गर्ने गरि विशेष कार्यक्रम ल्याईने छ ।

२०. शैक्षिक क्षेत्रलाई राजनीजिक हस्तक्षेप मुक्त गराई विद्यालयलाई शान्ती क्षेत्र घोषण गरिनेछ ।

२१. संविधान प्रदत्त शिक्षाको हक कार्यान्वयनका लागि आवश्यक वजेट व्यवस्था गरिनेछ ।

२२. गाउँपालिकाभरका सबै विद्यालयहरुको तथ्याङ्क एकीकृत शैक्षिक सूचना प्रणालीमा प्रविष्टि गरि सोको प्रयोगका लागि पुनर्ताजगी तालिम सञ्चालन गरिनेछ ।

२३. गाउँपालिकाभरका बाल विकास केन्द्रमा कार्यरत सहजकर्ताका लागि थप प्रोत्साहन भत्तालाई गत आ.व.को कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२४. आधारभूत विद्यालयका न्यून अनुदानप्राप्त विद्यालय सहयोगीका लागि प्रोत्साहन रकमको व्यवस्था गरिनेछ ।

२५. विद्यार्थीहरुलाई खेलको माध्यमबाट अनुशासित, तन्दुरूस्त नागरिक बनाउन इन्डोर, आउटडोरका कार्यक्रमहरू सञ्चालनका लागि आवश्यक न्यूनतम बजेटको व्यवस्था गरिनेछ ।

२६. ज्वालामूखी गाउँपालिकाको राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलाडी, निर्णायकलाई नगदसहित सम्मान कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

२७. गाउँपालिकाभरका युवाहरूलाई रोजगारतर्फ उन्मुख गराउन पाँच वर्षभित्र लगानी फिर्ता हुने गरी कार्यक्रमको व्यवस्था गरिनेछ ।

२८. गाउँपालिकाभरका युवाहरूलाई रोजगारी सृजना गर्न सक्ने सक्षम बनाउन परामर्शका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२९. शिक्षकहरूलाई एकीकृत पाठ्यक्रमका बारेमा प्रबोधीकरण कार्यक्रम सञ्चालन गरी शिक्षकहरूको क्षमता विकास गरिनेछ ।

३०. गाउँपालिकाभरका आधारभूत तहको अन्तिम परीक्षामा उत्कृष्ट नतिजा प्राप्ताङ्क गर्ने तीन विद्यालयहरूलाई प्रोत्साहन रकमको व्यवस्था गरिनेछ ।

३१. विद्यार्थीहरुको आन्तरिक प्रतिभा हरुलाई सम्मान र संरक्षण गर्न प्रत्येक विद्यालयमा कार्यक्रम सञ्चालन गर्न न्यूनतम बजेटको व्यवस्था गरिनेछ ।

३२. विद्यार्थीहरुको आन्तरिक प्रतिभालाई सम्मान र संरक्षण गर्न गाउँपालिकास्तरीय प्रतियोगिताहरू सञ्चालन गरिनेछ ।

३३. प्रत्येक माध्यमिक विद्यालयहरुमा गणित प्रयोगशाला निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

ज्वालामुखी गाउँपालिका पाँचौ अधिवेशन

३४. कक्षा ८ सम्म संचालन भएका सबै आधारभूत विद्यालयमा ईन्टरनेटको पहुचका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

३५. कुनै पनि माध्यमिक दरबन्दी नभएका माध्यमिक विद्यालयहरूमा सङ्घ र प्रदेशको दोहोरो नपर्ने गरी माध्यमिक तहको शिक्षकको लागि आवश्यक रकमको व्यवस्था गरिनेछ ।

३६. विद्यालयहरूमा दिवा खाजाका लागि सरोकारवालाई पोषण र सरसफाइसम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।

३७. गाउँपालिकास्तरीय अन्तरमाध्यमिक विद्यालय स्तरीय दोस्रो राष्ट्रपति रनिङ शिल्ड कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३८. गाउँपालिकास्तरीय प्रधानाध्यायापकहरुको नियमित बैठक र समीक्षा गर्न आवश्यक बजेटको ब्यवस्था गरिनेछ ।

३९. विद्यालहरुको नियमित अनुगमनको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

४०. गाउँपालिकास्तरीय शैक्षिक क्यालेण्डरको प्रकाशन र वितरण गरिनेछ ।

४१. प्रत्येक वडाका एक आधारभूत विद्यालयलाई हरित विद्यालय कार्यक्रम कार्यन्वयनमा ल्याइनेछ ।

४२. विद्यालयका लेखा हेर्ने कर्मचारी, शिक्षकलाई लेखा व्यवस्थापनसम्बन्धी तालिमबाट लेखा व्यवस्थापनमा सक्षम र प्रभावकारी बनाइनेछ ।

## (ख) युवा तथा खेलकुद :

**"युवाको जाँगर, समृद्ध गाउँघर"** भन्ने अभियान अनुरुप युवाशक्ति परिचालनको नीति अवलम्बन गरिनेछ । यसको लागि युवासँग अर्थपूर्ण सहभागिता र सहकार्यमा जोड दिइनेछ ।

१. युवाहरुको सहयोगी समूहको सूची तयार गरी प्रत्येक वडामा सञ्चालन हुने सामाजिक विकास कार्यक्रम एवं विकास निर्माणका क्षेत्रमा उनीहरुलाई परिचालन गरिनेछ ।
२. वातावरण संरक्षण, हरियाली प्रवर्द्धन एवं जनचेतनामूलक कार्यक्रमहरुको आयोजना गर्दा युवाहरुको परिचालनमा विशेष प्राथमिकता दिइनेछ ।
३. गाउँपालिका क्षेत्र भित्र एक गाउँपालिका स्तरीय खेलकुद मैदान निर्माण गरी गाउँपालिका क्षेत्र वाहिरका खेलाडीहरुलाई समेत आर्कषण गर्ने गरी खेलकुद क्षेत्रको विकास गरिनेछ । खेलकूदको माध्यमद्वारा युवाहरुको व्यक्तित्व विकास गर्न गाउँपालिका क्षेत्रमा शारीरिक व्यायामशाला, हेल्थ क्लब रंगशाला/कबर्डहलको विकास र विस्तार गरिनेछ ।



ज्वालामुखी गाउँपालिकाको पाँचौं अधिवेशन

४. युवाहरुलाई कुलत तथा दुर्व्यसनबाट बचाउन सचेतनामूलक, रोकथाममूलक तथा उपचारात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५. युवाहरुका लागि स्वरोजगारमुलक सीप तथा क्षमता विकासका कार्यकमहरु संचालन गर्न आवश्यक पहल गरिनेछ ।

६. बैदेशिक रोजगारीवाट नेपाल फर्कि आएका जनशक्तिको सिपलाई विकास निर्माण कार्यमा प्रयोग गरिनेछ ।

## (ग) सामाजिक विकास, सुरक्षा तथा संरक्षण नीति :

१. नेपाल सरकारले ज्येष्ठ नागरिकलाई उपलब्ध गराएको सामाजिक सुरक्षा भत्ता बैङ्कि प्रणाली मार्फत वितरण गरिने छ । प्रत्येक वर्ष "ज्येष्ठ नागरिक सम्मान कार्यक्रम" आयोजना गरिनेछ ।

२. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सूचीकृत बेरोजगारहरुलाई गाउँपालिकाको विकासमा आवश्यकता अनुसार परिचालन गरिनेछ ।

३. गाउँपालिका क्षेत्र भित्रै रोजगारको श्रृजना गरी जनशक्ति विदेश पलायन हुनवाट रोकिनेछ । स्तरीय खालको बैदेशिक रोजगारीमा जान चाहने जनशक्तिलाई निजको क्षमता अनुसार आवश्यक अभिमुखीकरण र जनचेतनामूलक कार्यक्रममा सहभागि गराएर मात्र विदेश तर्फ जाने वातावरण सिर्जना गरिनेछ ।

## स्वास्थ्य :

## (क) स्वास्थ्य तथा पोषण नीति :

आधारभूत स्वास्थ्यसेवालाई सुलभ, कम खर्चिलो तथा गुणस्तरीय एवं भरपर्दो बनाउने नीति लिइनेछ ।

१. गाउँपालिकाबाट सञ्चालन गरिएका स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य क्लिनिकहरुको क्रमिकरुपमा स्तरोन्नती गरी सञ्चालन गरिनेछ तथा सरकारले तोकेबमोजिमका औषधी निःशुल्क वितरण गरिनेछ ।

ज्वालामुखी गाउँपालिकाको पाँचौं अधिवेशन

२. गाउँपालिकामा महिला स्वास्थ्य स्वयंसेविकाले गरेको योगदानको कदर गर्दै हाल पाईरहेको सेवासुविधामा समयानुकूल पुनरावलोकन तथा प्रोत्साहित गरिनेछ । साथै उनीहरुलाई आवश्यक तालिम र उत्प्रेरणा उपलब्ध गराइनेछ ।
३. गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधि र कर्मचारीहरुको आर्थिक वर्ष २०७७/०७८ देखि लागू हुने गरी ज्वालामूखी गाउँपालिकाद्धारा वार्षिक स्वास्थ्य बीमा गरिनेछ ।
४. मदिरा तथा सुर्तीजन्य पदार्थको सेवनबाट मानव स्वास्थ्यमा पर्ने नकारात्मक असर बारे जनचेतना अभिबृद्धि गरिनेछ ।
५. बढ्दै गएको नसर्ने रोगहरु तथा मानसिक रोगहरुको प्रभाव न्यूनिकरणका लागि स्वास्थ्य सचेतना, उपचार तथा व्यवस्थापनको सहज पहुँच विस्तार तथा आवश्यकता अनुसारको पुनर्स्थापना सेवा समेत संचालन गरिनेछ । विशेष राहत कोष स्थापना गरी आवश्यक सहयोग तथा व्यवस्थापनमा जोड दिईनेछ ।
६. प्रतिकारात्मक तथा प्रवर्द्धनात्मक स्वास्थ्य सेवालाई जोड दिई स्वास्थ्य सेवा प्रवर्द्धन का लागि विशेष कार्यक्रमहरु संचालन गरीनेछ ।
७. विद्यालय स्वास्थ्य शिक्षा, किशोर किशोरी प्रजनन् स्वास्थ्य, महिनावारी सरसफाई व्यवस्थापन जस्ता कार्यक्रमहरुलाई विस्तार गर्दै लगिनेछ ।
८. गाउँघर क्लिनिक र खोप क्लिनिकको नियमित संचालन तथा व्यवस्थापनका लागि आवश्यक भवन निर्माण तथा सामग्रीहरुको व्यवस्थापनमा जोड दिईनेछ ।
९. वजारिया खानाको प्रयोग घटाउन तथा पोषण सम्वन्धी वृहत् सचेतना वढाउन खाद्य व्यवहारमा आधारित पोषण शिक्षा प्रवर्द्धन गरिनेछ ।
१०. नसर्ने रोगहरुको शिघ्र निदान र पहिचानका लागि घुम्ती स्वास्थ्य शिविरहरु संचालन गरिनेछ ।
११. टेलिमेडिसिन सेवा तथा ल्याव सेवालाई स्वास्थ्य संस्थाहरुमा विस्तार गर्नका लागि आवश्यक कार्यहरु गरिनेछ ।
१२. आमा सुरक्षा कार्यक्रमलाई प्राथमिकता दिई सुत्केरी भेट, मोवाईल स्वास्थ्य, जन्म पूर्व तयारी, नियमित अल्ट्रासाउण्ड, गर्भवती स्याहार अभियान, सुरक्षित मातृत्व महिना जस्ता कार्यक्रमलाई नियमित संचालन गरी अन्य नविनतम् कार्यहरुको थालनी गरिनेछ ।
१३. स्वास्थ्य कर्मीहरुको क्षमता विकास तथा उत्प्रेरणाको लागि आवश्यक कार्यहरु गरिनेछ । समयानुकुल अध्ययन अवलोकन भ्रमण, तालिम तथा अन्य अवसरहरु सिर्जना गरिनेछ ।

ज्वालामुखी गाउँपालिका प्रोन्नेशन

१४. हरेक वडामा स्वास्थ्य चौकी सञ्चालन गरिनेछ  साथै वडामा स्वास्थ्य सेवाको पहुँच नपुगेका स्थानहरुमा सामुदायिक स्वास्थ्य एकाई तथा समुदायमा आधारित स्वास्थ्य सेवा विन्दु स्थापना गरिनेछ ।

१५. स्वास्थ्य संस्थाहरु, स्वास्थ्य सेवा इकाई, स्वास्थ्य सेवा विन्दु, खोप क्लिनिक, गाउँघर क्लिनिक, आमा समुह हरुको भवन लगायत अन्य पूर्वाधार विकासमा जोड दिई आफ्नै भवनमा सेवा संचालनमा जोड दिईनेछ ।

१६. विकासमा महिला, काममा पहिला भन्ने नारालाई आत्मसाथ गरी महिला स्वास्थ्य स्वयंसेवीकाहरु मार्फत आमा समुहहरुको प्रभावकारी र व्यवस्थित परिचालन गरिनेछ ।

१७. स्वास्थ्य सम्बन्धी विभिन्न घुम्ती शिविरहरू (आँखा, नाक, कान, घाँटी, सामान्य चिकित्सा, छाला) लगायत परिवार नियोजनसम्बन्धी शिविरहरू संचालन गरी स्वास्थ्य सेवाको पहुँच वृद्धि गरिनेछ ।

१८. गाउँपालिकाका सबै वडाहरूलाई क्रमशः घरमा सुत्केरी शुन्य (शत प्रतिशत संस्थागत सुत्केरी गराउने) वडा घोषणाका लागि आवश्यक कार्यक्रमहरू संचालन गरी गाउँपालिकालाई शत प्रतिशत संस्थागत सुत्केरी गराउने गाउँपालिका घोषणा गरिनेछ ।

१९. बाल मृत्युदर उल्लेखनिय रुपमा घटाउन आवश्यक नीतिहरु तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।

२०. वालवालिकाहरुको पोषणको स्थिती कमजोर देखिएकोले कुपोषण हटाउने किसिमका कार्यक्रम तयार गर्न प्राथमिकता दिने ।

२१. गाउँपालिकामा एक सुविधा सम्पन्न अस्पताल स्थापना गर्ने तर्फ योजना बनाई आ.व. ०७७७८ बाट शुरु गरिनेछ । स्वास्थ्य चौकीहरु, एकाई तथा विन्दुहरुको सञ्चालन, क्षमता विकास तथा महिला स्वास्थ्य स्वयं सेविकाहरुको क्षमता विकासमा सहयोग पुचाउने लगायत समग्र स्वास्थ्य क्षेत्रको विकासको लागि विभिन्न गैर सरकारी संस्थाहरु तथा सरकारी निकायसँग साझेदारी तथा सहकार्य गर्दै कार्यक्रम सञ्चालन गरिनेछ ।

२२. स्वास्थ्य सेवा प्रदान गर्ने निकायहरुमा नियमित र प्रभावकारी एवं गुणस्तरीय सेवा संचालनका लागि दक्ष प्राविधिक कर्मचारी व्यवस्थापन गर्न आवश्यक पहल गरिनेछ ।

२३. गाउँपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुमा किशोरकिशोरी मैत्री प्रजनन् स्वास्थ्य सेवा क्लिनिक संचालन गरिनेछ ।

२४. सवै वडामा भएका विद्यालयहरुमा विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन (विद्यालय स्वास्थ्य तथा पोषण, महिनावारी सरसफाई, सेनिटरी प्याड वितरण, पोषण, परिवार नियोजन, सरुवा रोग, खोप आदि ) गरी स्वास्थ्य सम्वन्धि सचेतना प्रदान गरिनेछ ।

२५. महिला स्वास्थ्य स्वयंसेविकाहरुको कोषको अभिवृद्धि तथा क्षमता विकास तथा दीर्घ सेवा विदाईलाई व्यवस्थित वनाईनेछ ।

२६. स्वास्थ्य शिक्षा, सूचना तथा संचार सामग्रीहरुको छपाई, तयारी, प्रकाशन तथा वितरणको व्यवस्था मिलाईनेछ ।

२७. स्वास्थ्य सम्वन्धि अन्य सचेतना फैलाउन सडक नाटक, प्रर्दशनी, तालिम, क्षमता विकासका गतिविधिहरु साथै आवश्यकता अनुसारको रेडियो कार्यक्रमहरु संचालन गरी स्वास्थ्य सम्वन्धि विविध विषयमा सामाजिक सचेतीकरण गरिनेछ ।

२८. स्वास्थ्य सम्वन्धि सेवाहरुको प्रगतिको नियमित रुपमा अर्धवार्षिक र वार्षिक समिक्षा गरी सहभागितामुलक योजना तर्जुमा तथा कार्यान्वयनमा जोड दिईनेछ ।

२९. गाउँपालिका स्तरमा कार्यरत विभिन्न संघ संस्थाहरुसँगको समन्वयमा वडा स्तरमा एकिकृत सामुदायिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम संचालनमा ल्याईनेछ ।

३०. महिला स्वास्थ्य स्वयंसेविकाहरुवाट आमा समुहमा नियमित पोषण प्रवर्द्धन लगायत अन्य स्वास्थ्य प्रवर्द्धन तथा सरसफाईका कार्यक्रमहरु संचालनमा जोड दिईनेछ साथै आमा समुहहरुको प्रभावकारी संचालनको आमा समूह संजाल निर्माण गरी समूहको वचत तथा ऋणलाई वडा स्तरमा भएका सहकारी मार्फत परिचालन गर्ने व्यवस्था मिलाईनेछ ।

३१. कम उमेरमा विवाह, कम उमेरमा गर्भवती हुनेको संख्या घटाउनको लागि सामुदायिक सचेतनाका कार्यक्रम संचालन गरिनेछ ।

३२. सवै वडामा संचालनमा रहेको सुरक्षित प्रसुति सेवालाई व्यवस्थित वनाईनेछ । प्रसुति प्रतिक्षालय घर, आकस्मिक सुरक्षित प्रसुति कोष साथै जन्म केन्द्रको लागि आवश्यक औजार तथा उपकरणको सहज व्यवस्थापनका लागि आवश्यक कार्यहरु गरिनेछ ।

३३. कडा रोग लागेका भनी आधिकारिक चिकित्सकवाट प्रमाणित भएका विरामीको लागि उपचार अनुदान खर्चको व्यवस्था गरीने छ । यसको उचित

ज्वालामुखी गाउँपालिका पाँचौ अधिवेशन

एवं यथार्थ प्रयोगको लागि आवश्यक कार्यविधि तयार गरी विनियोजित वजेट खर्च गरिनेछ ।

३४. गाउँपालिका क्षेत्रभित्र २५ सैयाको अस्पताल निर्माणको लागि सम्वन्धित निकायमा आवश्यक वजेट व्यवस्था हुन भनि पहल गरिनेछ।

३५. कोभिड –१९ संक्रमण तथा व्यवस्थापनका लागि आवश्यक व्यवस्थापन तथा वृहत्त स्वास्थ्य सचेतना अभियान कार्यक्रम संचालन गरिनेछ।

३६. घरमा सुत्केरी शुन्य हुने गाउँपालिका घोषणा गर्ने।

३७. सुपोषित गाउँपालिका बनाउनका लागि पत्रु खानाको प्रयोग घटाउने अभियान, स्थानिय सकारात्मक स्वास्थ्य बानी व्यवहार परिवर्तनका लागि विशेष कार्यक्रम, साथै अन्य सामुदायिक सचेतीकरण अभियान संचालन गर्ने।

३८. सफा र स्वच्छ गाउँ बनाउने।

३९. नसर्ने रोगहरुको भारलाई कम गर्नका लागि आवश्यक कार्यहरु संचालन गर्ने ।

४०. स्वास्थ्य संस्थाहरुको पूर्वाधार विकास र गुणस्तरमा जोड दिने।

४१. आमा सुरक्षा कार्यक्रम, सरसफाई कार्यक्रम र पोषण कार्यक्रमलाई विशेष जोड दिई नमूना कार्यक्रमको रुपमा विकास गर्ने।

४२. विगतमा संचालनमा रहेका कार्यक्रमहरुको दीगो विकासको लागि आवश्यक आधारहरु तयार गर्ने।

४३. नियमित रुपमा स्वास्थ्य स्क्रीनिङ कार्यक्रम संचालन।

**(ख) महिला, बालबालिका, किशोर किशोरी, ज्येष्ठ नागरिक, अपांगता तथा समाजकल्याण नीति :**

लैङ्गिक हिंसामा परेका, अति विपन्न, असहाय महिला, बालबालिका, किशोरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असक्तहरुलाई सहायता, संरक्षण, उद्धार गर्ने कार्य थप प्रभावकारी बनाइनेछ।

१. महिला हिंसा विरुद्ध जनचेतना अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।

२. हिंसामा परेका महिलाका लागि पुनर्स्थापना केन्द्रको स्थापना र अस्थायी रुपमा आश्रय दिई उनीहरुको क्षमता विकास गरी स्वरोजगारमूलक कार्यमा सहभागी गराउने एवं सम्भव भएसम्म परिवारसँग पुनर्मिलन गराउनका लागि सरकारी तथा गैर-सरकारी संघसस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ।



ज्वालामुखी गाउँपालिकाको पाँचौं अधिवेशन

३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

४. विपन्न, असहाय तथा असक्तहरुको सहायता, संरक्षण तथा उद्धार गर्न आवश्यक नीतिगत तथा संरचनागत ब्यबस्था मिलाइनेछ ।

५. सवै वडाहरुमा वाल क्लव, युवा क्लव गठन र विस्तार गरी वालवालिकाको हक अधिकार स्थापित गर्नको लागि विकास निर्माणका हरेक निर्णयमा वालवालिकाको अर्थ पूर्ण सहभागिता अनिवार्य गरिनेछ ।

६. बालमैत्री स्थानीय शासनको प्रारुप अन्तर्गत संस्थागत र सेवा प्रवाह सम्बन्धी सुचकहरुलाई अनिवार्य रुपमा कार्यान्वयन गरी बाल अधिकारलाई सुनिश्चित गर्नको निम्ति योजना छनौट प्रकृया लगायत अन्य क्षेत्रमा बालवालिकाको अर्थपूर्ण सहभागिता मार्फत गाउँपालिका क्षेत्रलाई बालमैत्रि गाउँपालिका घोषणा गर्ने तर्फ सम्पूर्ण सरोकारवालाहरुसँग सहकार्यमा कार्यक्रमहरु संचालन गरिनेछ ।

७. बालमैत्री गाउँ घोषणा गर्न पुरा गर्नुपर्ने सबै सूचकहरुको बारेमा सम्बद्ध सवै सरोकारवाला निकाय र समुदायसंग सहकार्य गर्दै आवश्यक पूर्वाधार विकास र सामाजिक विकासका गतिविधि संचालन गर्न आगामी आर्थिक वर्षबाट तदारुकताका साथ कार्यक्रम तथा योजनाहरु सञ्चालन गरिने छ ।

८. वालविवाह, बहुबिवाह, अनमेल विवाह जस्ता सामाजिक विकृति, विसङ्गतिलाई न्यूनिकरण गर्न सचेतनामूलक कार्यक्रम संचालन गरिने छ ।

९. बालबालिकाहरु माथि हुने हिंसा, विभेद र शोषणलाई अन्त्य गरी बाल अधिकारको प्रवर्द्धन तथा बाल अधिकार संरक्षणको सुनिश्चितता गरिनेछ ।

१०. लैङ्गिक वजेट विनियोजन र कार्यक्रमलाई विशेष प्राथमिकता दिईनेछ ।

११. गाउँपालिका क्षेत्रभित्रका मुख्य सडक खण्ड अन्तर्गत यात्रु प्रतिक्षालय, शौचालय र महिलालाई स्तनपान कक्षको समेत निर्माणका लागि विशेष प्राथमिकता दिईनेछ ।

१२. **“कोही पछाडि नपरुन्”** भन्ने मान्यताका साथ एकल महिला, अपाङ्गता भएका व्यक्ति, द्वन्द्व पिडित, घरवार विहिन, तथा अति गरीब लगायत आर्थिक सामाजिक रुपमा पछाडि परेका परिवारका सदस्यहरुलाई स्वरोजगारमूलक तालिम सञ्चालन गर्नका लागि आवश्यक वजेटको विनियोजन सहित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

ज्वालामुखी गाउँपालिका पाँचौं अधिवेशन

१३. लक्षित वर्गहरुलाई विकासको मूल प्रवाहमा ल्याउन र विकासमा सहजीकरणको भूमिका निर्वाह गर्न आवश्यकता अनुसार गाउँपालिकामा महिला, युवा, बाल क्लब, दलित, आदिवासी जनजाति समन्वय समिति गठन गरिनेछ । यी समन्वय समितिहरुलाई लक्षित वर्गको लागि सञ्चालन भएका कार्यक्रमहरुको अनुगमन, मुल्याङ्कन तथा सहजीकरण कार्यमा सहभागि गराईनेछ ।

१४. गाउँपालिकाका योजना तर्जुमा गर्दा गरीवी निवारणमा सघाउ पुग्ने, रोजगारमूलक, छोटो समयमा सम्पन्न भई प्रतिफल दिने, कम लगानीवाट बढी जनसंख्यालाई लाभ पुर्‍याउने, तथा जनसहभागिता जुट्न सक्ने किसिमका आयोजनालाई प्राथमिकता दिइनेछ ।

१५. विपन्न लक्षित समुहका लागि आयमुलक तथा सीपमुलक कार्यक्रम गैरसरकारी संस्था समेतको साझेदारीमा संचालन गरिनेछ ।

१६. आदिवासी जनजातिहरुको संस्कृति तथा परम्परा संरक्षण, जनजातिहरुका साँस्कृतिक स्थल तथा सम्पदाहरुको संरक्षणका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१७. दलितहरुको समान हक र अधिकारको प्रवर्द्धन, निर्णय प्रकृयामा समेत समावेशीकरण र उनीहरुको संस्थागत सञ्जाल विकास गर्न जोड दिइनेछ ।

१८. विभिन्न जातजाति, भाषाभाषी, धर्म संस्कृति र परम्परामा आधारित मठ मन्दिर, गुम्वा, चर्च, मस्जिद विहार जस्ता सम्पदा तथा असल संस्कृतिको प्रवर्द्धधनमा जोड दिइनेछ ।

१९. दलित वर्गको समग्र आर्थिक उन्नतिका लागि परम्परागत पेशालाई आधुनिकीकरण गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२०. ज्वालामूखी गाउँपालिकाको चालु आ.व.मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण सम्पन्न भइसकेको र उक्त परीक्षण पश्चात् निर्माण भएको कार्ययोजना कार्यान्वयनका लागि आवश्यक वजेट व्यवस्था गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

२१. फरक क्षमता भएका व्यक्तिहरुलाई लक्षित गरी सशक्तिकरण कार्यक्रमहरु तथा आय आर्जनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२२. अपांगता भएकालाई निजको सिपको आधारमा आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

२३. सामाजिक विभेद र कुसंस्कार विरुद्ध सामाजिक अभियान संचालन गरिनेछ ।

२४. महिला विरुद्धका सबै किसिमका हिंसा र विभेद प्रभावकारी ढंगले अन्त्य गरिनेछ साथै वालविवाह र वहुविवाहलाई पूर्णत निषेध गरिनेछ ।

२५. वालवालीकाको जन्मदर्ता प्रारम्भिक वालविकास शिक्षा, स्वास्थ्य, पालनपोषणको उचित स्याहार, खेलकुद मनोरञ्जन, मानसिक तथा प्रजन्न स्वास्थ्य तथा सर्वाङ्गीण व्यक्तित्व विकासका लागि आवश्यक वजेट व्यवस्था गरिनेछ ।

२६. जेष्ठ नागरिकहरुको सम्मानका लागि वार्षिक उच्च सम्मान कार्यक्रम गरिनेछ ।

**(ग) खानेपानी तथा सरसफाइ नीति :**

गाउँपालिका भित्र खानेपानी वितरण प्रणालीलाई सुदृढ गरी गाउँपालिकावासीलाई स्वच्छ र सफा खानेपानी उपलब्ध गराउने नीति लिइनेछ । यसका लागि परम्परागत पानीको श्रोतको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धन गरिनेछ ।

१. गाउँपालिकाको ५ वर्षे पूर्ण सरसफाइ रणनीतिक योजना निर्माण भइसकेको र उक्त राणनीतिक योजनाको आधारमा गाउँपालिकालाई पूर्ण सरसफाइयुक्त गाउँपालिका घोषणाका लागि थप नीति तथा कार्यक्रम तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।

२. विधिवत रुपमा कार्यालयमा खानेपानी तथा सिंचाईको मुहान दर्ता नभएका योजनामा कुनैपनि वजेट विनियोजन गरिने छैन ।

३. सार्वजनिक शौचालयहरुको निर्माण, मर्मत सम्भार, स्तरोन्नति गर्ने कार्यको शुरुआत गरिनेछ । प्राथमिकताको आधारमा थप सार्वजनिक शौचालयहरु निर्माण तथा सञ्चालन गरिनेछ ।

४. सर्वसाधारण जनतालाई सार्वजनिक शौचालयमा पहुँच बृद्धि गर्न रेष्टुरेन्ट,होटेल,पसल,स्वास्थ्य संस्था र सार्वजनिक संस्थाहरुका शौचालयहरुसमेत प्रयोग गर्न सक्ने व्यवस्थाका लागि सम्बन्धित निकायसँग सहकार्य गरिनेछ ।

ज्वालामुखी गाउँपालिका पाँचौ अधिवेशन

५. गाउँपालिका क्षेत्रभित्र आवश्यकता पहिचान गरी उपयुक्त एवं आवश्यक स्थानमा लिफ्ट सिस्टम तथा डिप वोरिङको माध्यम मार्फत् एक घर एक धारा अवधारणा अनुरुप आवश्यक वजेट विनियोजन गरि प्रभावकारी कार्यान्वयन गरिनेछ ।

६. प्लाष्टिकजन्य फोहोरहरुको विर्सजनका लागि समुदाय स्तरमा सघन रुपमा सचेतना फैलाई व्यवस्थित विर्सजन गरिनेछ ।

७. खानेपानीको मुहान संरक्षणको लागि विशेष योजना बनाई आवश्यकता अनुसार खानेपानी तथा सरसफाई उपभोक्ता समितिको पूर्वाधार निर्माणमा विशेष जोड दिने । **"एक घर एक धारा"**को अवधारणा अनुसार खानेपानी योजना सञ्चालनमा जोड दिने ।

## आर्थिक विकास :

### क) कृषि तथा पशु :

१. **"एक घर एक करेसावारी-आफैं उत्पादन गरौं भान्साको तरकारी"** भन्ने मुल नारालाई साकार पार्ने गरि करेसावारी प्रवर्द्धन कार्यक्रम संचालन गरिने छ ।

२. कृषिलाई आधुनिक तथा व्यवसायिकरण गरी रोजगारी मार्फत गरिबी न्यूनिकरणमा टेवा पुऱ्याउने गरी कार्यक्रम तथा योजना तयार गरिनेछ ।

३. जैविक कृषि उत्पादन क्षेत्र घोषणा गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय पर्यटकीय क्षेत्रको नमुना गन्तव्य वनाइने छ ।

४. दिगो अर्थतन्त्रको विकासका लागि गाउँपालिकामा **"एक घर एक बगैचा"** को नीतिलाई लागु गरिनेछ ।

५. सहकारी तथा निजी क्षेत्रको लगानीमा गुणस्तरीय एवं आधुनिक बधशाला निर्माण तथा सञ्चालन गर्न सहयोग गरिनेछ । बध गरिने जनावरको स्वास्थ्य परीक्षण, सफा र स्वस्थ बधशालाको विकास, मासु पसलको गुणस्तरीयता परीक्षण गर्ने कार्यको शुरुवात गरिनेछ ।

६. प्रधानमन्त्री कृषि आधुनिकिकरण कार्यक्रमलाई गाउँपालिका क्षेत्रभित्रका सवै वडाहरुमा संचालन गरिनेछ ।

७. सहकारी संस्था मार्फत गाइ, भैसी, कुखुरा पालन, बाख्रा पालन, माछा पालन, मौरी पालन, वंगुरपालन लगाएत अन्य चौपाय चखेरुको पालन पोषण गरि आर्थिक समृद्धि तर्फ उन्मुख हुनेगरी कार्यक्रम संचालन गरिनेछ ।

८. कृषि र पशु पंक्षि फर्म दर्ताको लागि संयूक्त कार्यविधि तयार गरि आबश्यक सेवा प्रवाह गरिनेछ ।

९. गाउँपालिका क्षेत्रभित्रका पशुहरुको लगत लिने तथा सामुदायिक पशुहरुलाई विमा समेत प्रभावकारी रुपमा व्यवस्थापन गरिनेछ ।

१०. तरकारी तथा फलफूल बजार, वधशाला, माछा-मासुका बजारलाई आधुनिकीकरण गरी व्यवस्थित गर्ने कार्यलाई अगाडि बढाइनेछ । यस्ता व्यवसायहरुको वस्तुगत विवरण तयार गरी न्यूनतम मापदण्ड तोक्ने र अनुगमन गर्ने कार्य गरिनेछ ।

११. यस गाउँपालिकाको विशेष पहिचान बोकेको उत्पादनको खोजी गरी सो को वजारीकरण गर्दै यसका उत्पादनहरुलाई अझ गुणस्तरीयता प्रदान गर्न विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ, सस्था तथा नीजि क्षेत्रसँगको सहकार्यलाई अगाडि बढाइने छ । यसको लागि आवश्यक श्रोतको व्यवस्था गरिनेछ ।

१२. एक वडा एक उत्पादनको क्षेत्रलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने गरी गाउँपालिका र वडा कार्यालयवाट वजेट विनियोजन गरी आर्थिक समृद्धिका लागि कार्यक्रम तयार गरिने छ ।

१३. आधुनिक कृषि पद्धतीलाई विस्तार गरी परम्परागत निर्वाहमुखी खेती प्रणालीमा सुधार गरि व्यवसायिक कृषि प्रणालीलाई जोड दिइनेछ ।

१४. सिंचाई योग्य भूमीको पहिचान गरी सामुहिक कृषि प्रणालीको विस्तार गरिनेछ । यसको लागि बाँझो जमिनको तथ्याङ्क संकलन गरी उक्त जमिनहरुमा खेती गरिने कार्यक्रम अगाडि बढाईने छ ।

१५. यस गाउँपालिका तरकारी तथा फलफुल उत्पादनको दृष्टिकोणले पनि राम्रो सम्भावना बोकेको क्षेत्र भएको हुँदा विभिन्न प्रकृतिको कृषि उत्पादनलाई मध्यनजर गरी सिंचाईको सुविधा उपलब्ध गराउन आवश्यक प्लाष्टिक पोखरी, आकाशे पानी संकलन, हिउँदे सिंचाई ट्याङ्की, स्प्रिकंल सिंचाई, थोपा सिंचाई लिफ्ट सिंचाई जस्ता उपयुक्त सिंचाई प्रविधिको लागि वजेट विनियोजन गरिने छ । यसबाट कृषि उत्पादनलाई थप टेवा पुग्ने आशा लिएको छु ।

१६. गाउँपालिका स्तरीय एक नर्सरी (सम्भावना भए सम्म वडामा समेत) को अवधारणलाई अनिवार्य गर्ने गरि वजेट व्यवस्थापन गरिने छ ।

१७. सहकारी संस्थासँगको साझोदारीमा समुहकृत कृषि कार्यलाई प्रवर्द्धन गरिनेछ ।

१८. कृषि उत्पादन राम्रो हुने क्षेत्रको पहिचान गरी उक्त क्षेत्रहरुलाई एकल कृषि उत्पादन पकेट क्षेत्र घोषणा गरिनेछ । सोको लागि माटो परिक्षण, कृषि प्रबर्द्धन र विकास गर्न आवश्यक कार्यक्रम तयार गरी कार्यान्वयन गरिनेछ ।

ज्वालामुखी गाउँपालिका पाँचौं अधिवेशन

१९. कृषि उपजको उत्पादन लागत मुल्यको आधारमा निश्चित मुल्य निर्धारण गरिनेछ ।

२०. कृषि तथा पशु सेवा तर्फको सेवा एवं परामर्शका लागि **एक वडा एक प्रविधिक** को अवधारणा अनुसार कर्मचारी व्यवस्थापन गरिनेछ ।

२१. तरकारी तथा फलफूल विक्रि र संकलनको लागि तरकारी तथा फलफुल संकलन तथा विक्रि केन्द्रको स्थापना गरिनेछ । यसको लागि अन्य विषयगत निकाय समेत समन्वय गरी कार्यक्रम अगाडि बढाइनेछ ।

२२. गाउँपालिकाको भौगोलिक बनावटलाई दृष्टिगत गरी अर्गानिक तरकारी खेती, वेमौसमी तरकारी खेती, पुष्प खेती, पशुजन्य उत्पादनका लागि कृषकलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

२३. कृषि उपज संकलन तथा विज भण्डारण (Seed Bank) स्थापना गरी गै.स.स एवं निजी संस्थाहरुसंगको साझेदारीलाई अभिवृद्धि गर्ने नीति लिइनेछ ।

२४. डेरी पकेट तथा व्यवसायिक पशुपालन कार्यक्रमको प्रवर्द्धन गरीनेछ ।

२५. गोठ सुधार, नश्ल सुधार जस्ता कार्यक्रमलाई अगाडि बढाउने नीति लिइनेछ

२६. युवाहरुलाई व्यवसायिक रुपमा पशुपालन कृषि तथा व्यापार व्यवसायमा संलग्न गराइ आर्थिक जिवन स्तर उकास्न प्रोत्साहन गरिनेछ ।

२७. गाउँपालिका क्षेत्रलाई रसायनिक विषमुक्त (अगार्निक गा.पा.) घोषणा गर्ने तर्फ आवश्यक कार्य गरिनेछ ।

२८. गाउँपालिका क्षेत्रभित्र खाद्यान्न, औषधी र अत्यावश्यकीय वस्तुको संकटकालिन मौज्दातको विशेष व्यवस्था गरिनेछ ।

२९. कृषियोग्य भुमीलाइ चाक्लावन्दी गरि प्रयोगमा ल्याईनेछ ।

३०. कृषकहरुको लागि अनुदानमा उपलव्ध गराईदै आएको मल, विउ, किटनासक औषधी र कृषि उपकरण वितरण कार्यलाई थप प्ररस्कृत गरि निरन्तरता दिइनेछ ।

३१. **एक गाउँ एक उत्पादन** को लागि उचित स्थान पहिचाहन गरि उचित उपज उत्पादनको लागि माटो परिक्षण गर्न माटो परिक्षण मेसिन व्यवस्था गरिनेछ ।

**(ख) सहकारी नीति :**

ज्वालामुखी गाउँपालिकाको पाँचौं अधिवेशन

“**समृद्धिको लागि सहकारी अभियान**” लाई सफल पार्न साना व्यबसायमा संलग्न व्यक्ति वा समूहलाई सहकारीमा आबद्ध गराई आत्मनिर्भर गराउने नीति लिइनेछ ।

१. विद्युतीय प्रणाली मार्फत सहकारी संस्थाको दर्ता, नियमन र प्रवर्द्धन गरिने कार्यलाई निरन्तरता दिइ थप प्रभावकारी बनाइनेछ । सहकारी संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धिका लागि एकीकरण गर्ने कार्यलाई प्रोत्साहन दिईनेछ ।
२. सहकारीको माध्यमबाट साना तथा घरेलु उद्योग सञ्चालन गर्न प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्ने नीति लिइनेछ ।
३. सहकारीहरुलाई मोबाइल बैंकिङ्ग, **ATM** तर्फ आकर्षित गरी Digital Ecosystem मा आबद्ध गर्न प्रोत्साहित गरिनेछ ।
४. सहकारीहरुको लेखा तथा सूचना प्रणालीमा एकरुपता कायम गर्ने कार्यको थालनी गरिनेछ । सहकारीहरुको नियमन तथा व्यवस्थापनको लागि सहकारी कार्यमूलक योजना ल्याइनेछ ।
५. अनौपचारिक क्षेत्रमा संलग्न महिला, दैनिक ज्यालादारीमा कार्य गर्ने मजदूरहरुलाई सहकारीमा आबद्ध गराउने नीति लिइनेछ ।
६. गाउँपालिका क्षेत्र भित्र छरिएर रहेका एवं व्यवस्थित हुन नसकेका सहकारी संस्थाहरुको तथ्याकं संकलन गरी सरोकारवला निकाय सँग छलफल एवं वहस गरी सहकारी संस्थाहरुको आवश्यक व्यवस्थापन गरिनेछ । साथै समान उद्देश्य भएका सहकारी संस्थालाई एक आपसमा गाभि व्यबस्थापन गरिनेछ ।

७. गाउँपालिका क्षेत्रभित्र रहेका सहकारीहरुको सूचना अद्यावधिक गरी सहकारीलाई नियमन गर्दै उनीहरुको क्षमता अभिबृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ, यसको लागि गाउँपालिका स्तरीय सहकारी संघ बनाई सहकारी प्रबर्द्धनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
८. वेरोजगार व्यक्तिहरुलाई उत्पादन सहकारीमा आवद्ध गरि स्वरोजगार पेशा व्यवसाय संचालन गरिनेछ ।

## ग) उद्यमशीलता प्रबर्द्धन नीति :

गाउँपालिका भित्र विभिन्न उद्यम गरिरहेका शिल्पीहरुको सीप उपयोग तथा विकासका लागि प्रोत्साहन गर्ने नीति लिइनेछ । युवाहरुलाई स्वदेशी उद्यममा आकर्षण गर्न



ज्वालामुखी गाउँपालिका पाँचौ अधिवेशन

स्वदेशी वस्तुहरुको उत्पादन, प्रबर्द्धन र बजारीकरणलाई प्रोत्साहन गरिनेछ । सेवा मुलक उद्योगलाई प्रश्रय तथा प्रोत्साहन गर्ने नीति लिइनेछ ।

१. विभिन्न क्षेत्रहरुमा आवश्यकताका आधारमा सीपमूलक तालिम सञ्चालन गरिनेछ । सोको लागि गाउँपालिकास्तरीय एकीकृत सीप विकास प्रतिष्ठान सञ्चालनमा ल्याउन आवश्यक अध्यायन गरिनेछ ।
२. स्वरोजगारीका अवसर सृजना गर्न युवाहरुलाई लक्षित गरी विभिन्न किसिमका व्यवसायिक तालिमहरु सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइ थप व्यवस्थित गरिनेछ ।
३. उद्यमशिलता विकास गर्न उद्यम विकास कोष स्थापना गर्न पहल गरिनेछ । गाउँपालिका क्षेत्रभित्रका उद्यमीहरुले उत्पादन गरेका सामाग्रीहरुको विक्रि वितरणको लागि साझा सुविधा केन्द्र, लघु, साना तथा घरेलु उद्योगहरुबाट उत्पादित सामान विक्रीको वितरणको नजिकको बजारमा सञ्चालित विक्रि कक्ष सँग समन्वय गरी उत्पादित वस्तुको प्रर्बद्धन साथै वजार व्यवस्थापनमा जोड दिइने छ ।
४. गाउँपालिका क्षेत्रभित्र विभिन्न किसिमका रोजगार श्रृजना गर्न उद्यमसिलताको माध्यायमवाट विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

### (घ) उद्योग तथा व्यापार नीति :

१. उद्योग वाणिज्य संघ धादिङको सहकार्यमा गाउँपालिका क्षेत्रभित्रका उद्योग तथा व्यापार व्यवसायको व्यवस्थित संचालनको लागि विशेष कार्यक्रम गरिनेछ ।
२. गाउँपालिका क्षेत्रभित्र संचालित होटेल, रेष्टूराँ,खाद्यान्न तथा लत्ताकपडा र खुद्रा पसलहरुलाई प्रोत्साहित गरिने नीति लिइनेछ ।
३. गाउँपालिका क्षेत्रमा सञ्चालित साना तथा घरेलु उद्योगहरुको सूचि तयार गरिनेछ । उक्त उद्योगहरुलाई गाउँपालिकामा दर्ता गराई त्यस्ता उद्योगहरुको प्रबर्द्धनमा गाउँपालिकाले सहजिकरण गर्ने गरी कार्यक्रम तथा योजनाहरु सञ्चालन गर्नेछ ।

ज्वालामुखी गाउँपालिका चौथो अधिवेशन

४. स्थानीय समुदाय, निजी क्षेत्र, प्रहरी, यातायात व्यवसायीसँग सहकार्य गरी आर्थिक तथा पर्यटन क्षेत्रमा योगदान दिने निश्चित क्षेत्रहरु सञ्चालन गर्नका लागि आवश्यक नीतिगत तथा पूर्वाधारको व्यवस्था मिलाइनेछ ।

५. उद्योगी, व्यवसायी तथा स्थानीय समुदायसँगको सहकार्यमा विभिन्न अवसरमा स्थानीय उत्पादनको व्यापार प्रबर्द्धन मेला आयोजना गरिनेछ ।

६. गाउँपालिका क्षेत्रभित्रका व्यापार व्यवसायमा व्यवसाय कर प्रणाली लागु गर्नुका साथै मुल्य सूची राख्नुपर्ने व्यवस्थालाई अनिवार्य रुपमा कार्यान्वयन गरिनेछ ।

### (ङ) सार्वजनिक निजी साझेदारी नीति :

१. सार्वजनिक निजी साझेदारीमा संचालन गरिने कार्यक्रमलाई प्राथमिकता दिइनेछ । सार्वजनिक निजी साझेदारीमा सञ्चालन हुने परियोजनाहरुको पहिचान, अध्ययन, विश्लेषण, मूल्यांकन तथा छनौट गरि अघि बढाइनेछ । जनस्वास्थ्य, शिक्षा, उद्यमशीलता तथा वातावरणको दिगो विकासको लागि (Public Private Partnership) कार्यक्रमको शुरुआत गरिनेछ ।

## पर्यटन :

### (क) पर्यटन नीति :

पर्यटन प्रबर्द्धनको माध्यमबाट स्थानीय जनताको जीवनस्तर उकास्न पर्यटन पूर्वाधारको निर्माण,संरक्षण, सम्बर्द्धन र बिस्तारमा जोड दिने नीति लिइनेछ

१. गाउँपालिका भित्र पर्यटन विकास, विस्तार र सम्बर्द्धनका लागि गाउँपालिकास्तरीय पर्यटन गुरु योजना तयारीका लागि गाउँपालिका क्षेत्र भित्रका सम्पूर्ण धार्मिक धरोहर, शक्तिपिठहरु, तथा पर्यटकीय क्षेत्रको क्रमश विस्तृत आयोजना प्रतिवेदन ( DPR) तयार गरी पर्यटन विकासमा टेवा पुग्ने कार्यक्रम तथा योजना तयार गरिने छ ।

ज्वालामुखी गाउँपालिका पाँचौ अधिवेशन

२. मौलिक बस्तीमा सम्पदा भवनहरुको संरक्षण तथा निर्माणको लागि निश्चित मापदण्डको आधारमा अनुदान तथा छुट दिने नीति लिइनेछ ।
३. यस गाउँपालिका क्षेत्रमा रहेका वन तथा सार्वजनिक क्षेत्रलाई सार्वजनिक नीजी साझेदारी कार्यक्रमको अवधारणा अनुसारको नीति तय गरी उक्त क्षेत्रमा कृत्रिम ताल, वोटानिकल पार्क, बनभोज स्थल सहितको मनोरञ्जन पार्कको विकास गरी आन्तरिक तथा वाह्य पर्यटकको गन्तव्य स्थलको रुपमा विकास गर्दै लगिनेछ । यसको लागि आवश्यक नीति गाउँपालिकाले तयार गर्नेछ ।
४. पर्यटन प्रवर्द्धनका निम्ति मुख्य आधारको रुपमा रहेको होटल व्यवसाय र होमस्टेलाई प्रवर्द्धन गर्ने गरि उपयुक्त वातावरण सिर्जना गर्न पदमार्ग निर्माण गरिने छ ।

**(ख) संस्कृति तथा सम्पदा नीति :**

ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्वका टोल, बस्ती, मठ, मन्दिर, स्थानीय रीतिरिवाज, भाषा, लिपी, कला संस्कृति, जात्रा, परम्परा जस्ता अमूर्त सम्पदाको संरक्षण तथा सम्बर्द्धन गर्ने नीति लिइनेछ ।

१. गाउँपालिका क्षेत्रभित्रका विभिन्न धार्मिक, साँस्कृतिक तथा ऐतिहासिक महत्वका स्थान तथा सम्पदाहरुको मौलिक एवं प्राचीन नामहरुको खोजी गरी तिनको पुनर्स्थापना गरिनेछ ।
२. ऐतिहासिक एवं धार्मिक दृष्टिले महत्वपूर्ण रहेका मण्डली, ज्वालामूखी मन्दिर लगायतका क्षेत्रहरुको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धन गरिनेछ ।
३. गाउँपालिका क्षेत्रभित्र रहेका धार्मिक एवं पर्यटकीय क्षेत्रको पहिचान गरी संरक्षण एवं सम्वर्द्धन गरिनेछ ।
४. गाउँपालिका क्षेत्रभित्र धार्मिक सास्कृतिक पुरातात्विक महत्वका सम्पदालाई समेटी पर्यटन गुरु योजना तयार गरि गाउँपालिकालाइ आन्तरिक पर्यटनको गन्तव्य स्थल बनाइनेछ ।

ज्वालामुखी गाउँपालिका पाँचौ अधिवेशन

## <u>भौतिक पूर्वाधार विकास :</u>

### (क) पूर्वाधार विकास नीति :

१. गाउँपालिका क्षेत्रभित्रका मुख्य मुख्य सडकलाई कालोपत्रे गर्ने गरि आवश्यक वजेटका लागि सम्वन्धित निकायमा विशेष पहल गरिनेछ ।

२. गाउँपालिकाको पाँच वर्षे आवधिक योजना निर्माण भइ कार्यान्वयन चरणमा रहेको र अन्य क्षेत्रगत गुरुयोजनाहरु एवं नीतिहरु आवश्यकता अनुसार तयार गरिनेछ ।

३. गाउँपालिका क्षेत्रभित्र निर्माण गरिने भौतिक पुर्वाधार सडक, ढल, पेटी, खानेपानी, विद्युत्, टेलिफोन आदिको गुणस्तरीयता कायम गर्न, विभिन्न निकायहरुवीच समन्वय गरी व्यवस्थित रुपमा निर्माण कार्य सन्चालन गर्न "पूर्वाधार विकास ऐन" जारी गरिनेछ ।

४. गाउँपालिका क्षेत्रभित्रका सरकारी, सार्वजनिक तथा पर्ति जग्गाको अतिक्रमण रोकी संरक्षण गर्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । यस्ता सार्वजनिक जग्गाहरुलाई बालमैत्री उद्यान, पिकनिक स्पोट, योगापार्क तथा ज्येष्ठ नागरिक मैत्री पार्कहरु र खुला क्षेत्रहरुको रुपमा विकास गरिनेछ ।

५. भुकम्पवाट क्षतिग्रस्त व्यक्तिगत संरचनाहरुलाई निर्माण वर्षको रुपमा लिई प्रथम र दोस्रो किस्ता बुझिसकेका लाभग्राहीको निजी आवास निर्माण कार्यलाई तिव्रता दिई हालसालै सर्भे भएका छुट लाभग्राहीको किस्ता प्राप्तीका लागि पहल गरिनेछ ।

६. गाउँपालिकास्तरीय चक्रपथ निर्माणको लागि आवश्यक सर्भे, डिजाइन र सम्भाव्यता अध्ययनको शुरुवात गरिनेछ ।

७. प्रस्तावित वुढीगण्डकी जलविद्युत् परियोजनावाट विस्थापित घरधुरी र समुदायलाई उचित स्थानमा एकीकृत वस्तीको व्यवस्था मिलाउन पहल गरीने छ । साथै पुनःस्थापना, पुनर्वास र पुनर्लाभको लागि सम्वन्धित सरोकारवाला पक्षसँग आवश्यक पहल गर्ने ।

८. पाल्पा भञ्ज्याङ - हुलाक भञ्ज्याङ-, ढोला मैदी सडक ससाह, अमराई - मैदी, रातमाटे सडक, हुलाक भञ्ज्याङ-चैनपुर-बाङ्गेरह, बुङ्कोटघाट सडक, साधभञ्ज्याङ- खरी- बुङकोटघाट सडक समेटेर सहज आगमनका लागि बाह्रै महिना सवारी साधन चल्ने बनाउनका लागि सडकको ग्राभेल गर्ने कार्य अन्तिम चरणमा पुगेको हुँदा उक्त कार्य सम्पन्न गर्नुका साथै आगामी वर्ष कालो पत्रे गर्ने तर्फ समेत सरोकारवाला निकायसँग समन्वय गरी कार्य अगाडि बढाइनेछ ।

९. गत आ.व. देखि सञ्चालन हुँदै आएका योजनाहरुलाई प्राथमिकता दिई समयमा सम्पन्न गर्ने गरी वजेटको विनियोजन गरिनेछ । सडकको मापदण्ड अनुसार सडक निर्माण गर्न पहल गर्ने, सडक स्तरोन्नती गर्ने जस्ता कार्यहरु गरिनेछ ।

१०.	सडकहरुको नियमित मर्मत सम्भार गरी यातायात सुचारु गर्न मर्मत सम्भार कोषको व्यवस्था गरिनेछ साथै उक्त कोष परिचालनका लागि मर्मत सम्भार कोष परिचालन निर्देशिका तयार गरी कार्यान्वयन गरिनेछ ।

११.	सडकको दाँया वायाँ बृक्षारोपण गर्ने कार्यलाई प्रभावकारी कार्यान्वयनमा ल्याई हरित सडकको अवधारणा अगाडि बढाइनेछ । एक घर पाँच रुखको अवधारणा ल्याई वृक्षारोपण गर्ने कार्यक्रमलाई अगाडि बढाइने छ ।

१२.	बुढीगण्डकी चक्रपथ तथा करीडोरको निर्माण गरी पर्यटकीय सडक निर्माण कार्यलाई अगाडि बढाउनुका साथै यसबाट गाउँपालिकाको आर्थिक विकासमा उल्लेखनीय फड्को मार्न सकिने छ ।

१३.	सुरक्षित पर्यटकिय गाउँको अवधारणाको विकास गर्दै होमस्टे, भ्यूटावर र पिकनिक स्पोर्टलाई प्रभावकारी रुपमा सञ्चालन गर्न अध्ययन, अनुसन्धान र विविध तालिम कार्यक्रम सञ्चालन गर्न विशेष प्राथमिकता दिईनेछ ।

१४.	सडकको आधारभूत पूर्वाधार तथा व्यवस्थित पक्की नालासहित सडक कालोपत्रे गरी नमूना सडकको रुपमा विकास गरीने छ ।

१५.	ज्वालामूखी गाउँपालिकाभित्रका सम्पूर्ण सडकहरुको न्यूनतम मापदण्ड (Minium Standard) /सडकको क्षेत्राधिकार (Right of Way) को अवधारणाको कार्यान्वयन थालनी भै सकेको हुँदा थप कार्यविधि वनाई यस कार्यलाई कडाइका साथ कार्यान्वयन गरिनेछ ।

१६.	गाउँपालिका क्षेत्र भित्रका सडकहरु व्यवस्थित गर्न गाउँ यातायात गुरुयोजना (Rural Transport Master Plan-RTMP) तयार गरी कार्यान्वयन गरिने छ । गाउँपालिकाले निर्माण गर्ने सडकहरुको वर्गीकरण गरी कालोपत्रे, सडक ग्राभेल र कच्ची सडकहरुको नामाकरण गरी उक्त सडकहरुमा पर्ने जग्गाको लगत कट्टा गर्न मालपोत तथा नापी कार्यालयसंग आबश्यक समन्वय र सहकार्य गर्दै विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गरी व्यवस्थित गरिनेछ ।

१७.	गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागि निःशुल्क जग्गा प्राप्ति गर्ने कार्य अन्तिम चरणमा पुगेको हुँदा उक्त जग्गा व्यवस्था गरी गाउँपालिकाको सुविधा सम्पन्न भवन निर्माण कार्य अगाडि बढाइने छ ।

१८.	सडक सम्बन्धी योजना कार्यान्वयन गर्नुपूर्व DPR, सर्भे डिजाइन तथा लगत इष्टिमेटपछि मात्र सञ्चालन गरीने नीति कडाईका साथ लागू गरिने छ ।

१९. गाउपालिका क्षेत्र भित्र आवश्यक र उचित स्थानमा पर्यटकीय हिसाबले महत्व राख्ने भ्यू टावर निर्माणाधीन कार्यको थालनी भैसकेको हुँदा उक्त योजनालाई सम्पन्न गर्न गराउन सरोकारवाला निकायसँग वजेट माग गर्न पहल गरिनेछ ।

२०. उपभोक्ता समितिका कुनै पनि पदाधिकारी एउटा योजना सम्पन्न भई फरफारक नभएसम्म अर्को योजनाको उपभोक्ता समितिको कुनै पनि पदमा बसेर काम गर्न नपाउने नीतिलाई कडाइका साथ लागु गरिनेछ ।

२१. विकास योजनाहरुमा लागत जनसहभागिता वापत स्थानीय उपभोक्तावाट १० प्रतिशत लागत सहभागिता अनिवार्य व्यहोर्नु पर्ने नीति अवलम्बन गरिनेछ ।

२२. पूर्वाधार (सडक, खानेपानी, विद्युत्, सिंचाई) तर्फका नयाँ योजना तथा कार्यक्रमलाई वार्षिक विकास कार्यक्रममा समावेश गर्दा निश्चित प्राथमिकता निर्धारण गर्नुका साथै उपलब्ध श्रोतबाट सम्पन्न हुनेगरी अधुरा योजनालाई सञ्चालनमा ल्याउने योजना तथा कार्यक्रमलाई प्राथमिकता दिने नीति अवलम्बन गरिने छ ।

२३. बाटोघाटो, सिंचाई कूलो लगायतका भौतिक पूर्वाधारका योजना निर्माण गर्दा भू-क्षय नहुने, पानीका मुहान एवं वन वातावरणमा प्रतिकुल असर नपर्ने गरी योजना निर्माण कार्य संचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

२४. सडक सौर्य बत्ती, वजार क्षेत्रबाट निस्कने फोहोरको ब्यवस्थापन कार्य अगाडि बढिरहेको हुँदा उक्त कार्यलाई आगामी आ.व. मा पनि निरन्तरता दिईने छ ।

२५. गाउँपालिकालाई जिल्लाकै नमूना गाउँपालिकाको रुपमा विकास गर्न विकास सम्बन्धी विस्तृत अध्ययन अनुसन्धान गरी व्यवस्थित तथा नमूना बस्ती विकासको अवधारणा अवलम्वन गर्ने नीति लिइनेछ ।

२६. भू-उपयोग (Land Pooling) योजना,राष्ट्रिय भवन संहिता, सडक मापदण्ड निर्धारण जस्ता कानूनहरु तयार गरी लागु गर्न प्राथमिकता दिइनेछ ।

२७. सडक निर्माणको क्रममा नयाँ ट्र्याक खोल्दा विनियोजित बजेटको कम्तीमा ३ प्रतिशत रकम विनियोजन गरी वातावरण संरक्षणमा खर्च गर्नु पर्ने गरी योजना तयार गरिनेछ ।

२८. गाउँपालिकाको सवै वडा र बस्तीमा विस्तारित विद्युत् प्रवाहको कार्यलाई थप व्यवस्थित गर्न सवै काठे पोलको विस्थापन गरी फलामे पोलको व्यवस्था गरिनेछ र आवश्यक स्थानमा थप ट्रान्समिटरको व्यवस्था मिलाईने छ । यसका

ज्वालामुखी गाउँपालिका पाँचौं अधिवेशन

लागि चालु आ.व.मा विद्युतीय पोल र तार खरिद गरिएकोमा उक्त कार्यलाई निरन्तरता दिइनेछ ।

२९. सडक निर्माण गर्दा खानेपानी, सिंचाइ तथा अन्य पूर्वाधारहरुमा क्षति पुऱ्याएको अवस्थामा सोही योजना संचालन गर्ने निकायबाटै पुनः निर्माण गर्नु पर्नेछ । सडक निर्माण गर्दा विद्युत् पोल तथा तारलाई असर पर्ने भएमा सम्बन्धित कार्यालयसंग समन्वय र सहमति गरेर मात्र निर्माण कार्यलाई अगाडि बढाइनेछ ।

३०. सडक निर्माण गर्न भारीउपकरण जस्तैः डोजर, स्काभेटर, जे.सि.वी. प्रयोग गर्नु पूर्व गाउँपालिकाको प्राविधिक समितिको पूर्व स्वीकृती अनिवार्य गरिनेछ ।

३१. उपभोक्ता समिति तथा ठेक्कापट्टाबाट हुने निर्माण कार्यको अन्तिम रकम भूक्तानी दिँदा तोकिएको आवश्यक कागजातका साथै सार्वजनिक परिक्षण र सम्वन्धित योजनाको अनुगमन समितिको सिफारिश अनिवाय रुपमा पेश गर्ने कार्यलाई कडाइकासाथ लागु गरिनेछ ।

३२. उपभोक्ता समिति मार्फत् भइरहेको आयोजना/योजनाको निर्माण कार्य ठेक्का पट्टाद्वारा गराउने गरेको पाइएमा यस्तो कार्यलाई कडाइका साथ अनुगमन गरी यस प्रकारको कार्यलाई पूर्ण निरुत्साहित गरिने छ । साथै त्यस्ता काम गर्ने उपभोक्ता समितिका पदाधिकारीलाई कालो सुचिमा राखी उ.स.को पदाधिकारीवाट हटाईनेछ ।

३३. गाउँसभाबाट स्वीकृत कार्यक्रमहरु आ.व.को माघ मसान्तभित्र संझौता गरी जेष्ठ मसान्तभित्र सार्वजनिक लेखा परीक्षण गराई जाचँपास र फरफारक गर्ने कार्यलाई अनिवार्य गरिनेछ ।

३४. विकास निर्माणका काममा सकेसम्म स्थानीय श्रमप्रधान प्रविधिलाई जोड दिने र कार्यक्रमको संचालन र मर्मत संभारको कार्य समुदायबाट नै गराउनु पर्ने व्यवस्था गरिनेछ ।

३५. गाउँपालिका क्षेत्र भित्र यस अघि सडकको क्षेत्राधिकारको अवलम्वन तथा साँध सिमाना लगायत कुनै पनि विषयमा विवाद एवं किचलो नभइ निर्माण सम्पन्न भइसकेका घर भवनको नियमानुसार शुल्क लिई नक्सा प्रमाणित गरिनेछ र यस पछि निर्माण हुने घर, भवनको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम नियमानुसारको प्रक्रिया पूरा गरी घर, भवन निर्माण पूर्व नै अनिवार्य रुपमा नक्सा पास गर्नुपर्ने कार्यलाइ कडाइका साथ लागू गरिनेछ ।

३६. गाउँपालिका क्षेत्र भित्र निर्माण हुने भौतिक पूर्वाधारतर्फ प्रयोग हुने भारी उपकरण (डोजर, जे.सि.वी., रोलर, एक्साभेटर) गाउँपालिकामा नियमानुसार सूचिकृत भएकाहरुलाई मात्र प्रयोग गर्न दिइनेछ ।

३७. रु. एक लाख भन्दा माथिका योजनाका लागि योजना स्थलमा अनिवार्य रुपमा योजना सूचना पाटी राख्ने व्यवस्थालाई अनिवार्य गरिनेछ ।

३८. गाउँपालिका क्षेत्र भित्र निर्माण हुने भौतिक पूर्वाधारमा गा.पा.को भारी उपकरण एक आ.व. भित्र एक वडामा कम्तिमा १०० घण्टा प्रयोग गरी **"ज्वालामूखीको पूजी ज्वालामूखी भित्रै"** भन्ने नारालाई कार्यान्वयनमा ल्याइनेछ ।

३९. फोहोरको उचित व्यवस्थापनका लागि गाउँपालिका क्षेत्रभित्र उपयुक्त स्थानको खोजि गरी ल्याण्डफिल साईटको रुपमा प्रयोग गरिनेछ ।

४०. सरोकारवाला सबैको सहयोगमा गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक, पर्ति, ऐलानी जग्गाहरुको पहिचान गरी संरक्षण गर्ने कार्यक्रम गरिनेछ ।

४१. गाउँपालिकाले निर्धारण गरेको भारी उपकरणको दररेट बमोजिम ईच्छुक भारी उपकरण कम्पनी वा व्यक्तिसँग प्रतिस्पर्धाको माध्यमवाट सबैभन्दा कम दररेटमा काम गर्ने कम्पनी वा व्यक्ति मार्फत् काम गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ लागु गरिनेछ ।

४२. गाउँपालिका क्षेत्र भित्र संचालन हुने सम्पूर्ण आयोजनाहरु गाउँपालिकाको अनुगमन तथा मुल्याङ्कन समितिले अनुगमन गरेर मात्र भूक्तानी दिने परिपाटीलाई कडाइकासाथ लागू गरिनेछ ।

४३. गाउँपालिका क्षेत्र भित्र गरिने निर्माण सामाग्री ढुवानी लगायत दक्ष, अदक्ष ज्यामीको गाउँपालिकास्तरीय दररेट निर्धारण गरेर मात्र कार्यान्वयनमा ल्याईने छ ।

४४. २०७२ सालको विनासकारी भुकम्पवाट क्षेति भइ हालसम्म आवास पुनः निर्माण अनुदान प्राप्त भएकोमा यस कार्यको सराहना गर्दै वाँकी अुनदानका लागि सम्वन्धित निकायमा विशेष अनुरोध गरिनेछ ।

४५. भू-उपयोग नीति लागु गरि योजना एवं कानुनका आधारमा भुमिको वर्गिकरण तथा उपयोग नीति अवलम्वन गरिनेछ ।

४६. भूमि सम्वन्धि समस्या समाधान आयोगवाट माग भए बमोजिमको विवरण तोकीएको समयमै आयोगमा उपलव्ध गराई भूमिहिन नागरिकहरुका लागि जग्गा व्यवस्थापनको कार्य गर्न आवश्यक सहकार्य गरिनेछ ।

ज्वालामुखी गाउँपालिकाको गाउँसभा अधिवेशन

४७. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्राप्त हुने वजेटलाई न्यायिक एवं नियमन ढगंले रोजगारको श्रृजना हुनेगरि राष्ट्रिय नीति अनुरुप कार्यान्वयन गरिनेछ ।

## (ख) यातायात व्यवस्थापन नीति :

१. सार्वजनिक यातायातमा ज्येष्ठ नागरिक, महिला, बालबालिका र अपाङ्गता भएका व्यक्तिहरुको पहुँच  बढाउन तथा समग्र सवारी साधनको उपयुक्त व्यवस्थापन गर्न ज्वालामूखी गाउँपालिका सवारी तथा यातायात व्यवस्थापन सम्वन्धी नीति बनाइ कार्यान्वयन गरिनेछ ।

२. गाउँपालिकाको अधिकार क्षेत्रभित्र पर्ने सडकहरुको तत्काल मर्मत सम्भार गर्न Special Task Force बनाई परिचालन गरिनेछ ।

३. स्थानीय सडकहरुको स्तरोन्नती एवं सडक पुल तथा झोलुङ्गे पुल निर्माणका लागि आवश्यक बजेट व्यवस्था गरी कार्यान्वयन गरिनेछ ।

## (ग) सूचना तथा संचार नीति :

१. सूचना प्रविधिको उच्चतम प्रयोग गरि शासकीय व्यवस्थालाई कुशल पारदर्शि र सेवाग्राही मैत्री तुल्याईनेछ ।

२. गाउँपालिका र अर्न्तगतका सबै वडा कार्यालयमा सोलार र इन्टरनेट जडान गरी गा.पा.का सम्पूर्ण वडालाई प्रविधिमैत्री वडा वनाई सकिएको छ । यसलाई आवश्यकता अनुसार सुधार र परिस्कृत गरिनेछ  ।

३. गाउँपालिका तथा वडा कार्यालयहरुवाट हस्तलिखित रुपमा संचालन भएको सेवा प्रवाह पूर्ण रुपमा सुचना प्रविधि मैत्री भैसकेकोले यसलाई निरन्तरता दिँदै थप प्रभावकारी वनाउन विभिन्न तालिमद्धारा कर्मचारी र जनप्रतिनिधिहरुको क्षमता विकासको लागि आवश्यक वजेट विनियोजन गरिनेछ ।

४. गाउँपालिकाको सेवा सुविधा, नीति नियम, सूचना तथा गतिविधिहरु सबै नागरिक समक्ष पुर्‍याउन मोबाईल एप्स  **"ज्वालामूखी गाउँपालिका "** डिजिटल सोधपुछ कक्ष, डिजिटल सूचना पाटी र विद्युतीय हाजिरीको व्यवस्था भैसकेकोले यसलाई निरन्तरता दिईने छ ।

ज्वालामुखी गाउँपालिका पाँचौ अधिवेशन

५. कार्यालयबाट सम्पादन हुने कार्यलाई आधुनिक सूचना प्रणालीको माध्यमबाट सरोकारवालाहरुलाई सुसूचित गर्न गाउँपालिकाको web site लाई आवश्यकता अनुसार अद्यावधिक गरिनेछ ।

६. व्यक्तिगत घटना दर्ता प्रणालीलाई अनलाइनबाट दर्ता गर्ने कार्य थालनी भैसकेको हुँदा यसलाई निरन्तरता दिईने छ ।

७. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको तथ्याङ्क लाई Online Entry गर्ने कार्य सम्पन्न भै सकेको हुँदा सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्यलाई थप प्रभावकारी, पारदर्शी , व्यवस्थित र भरपर्दो वनाउन बैकिंङ प्रणाली मार्फत् वितरण गर्ने कार्य अनिवार्य गरिनेछ ।

८. कार्यालयवाट सम्पन्न गरिने योजना तथा कार्यक्रम सम्वन्धी सफ्टवेर तयार एवं प्रयोग गरी योजना सम्झौता लगायत भूक्तानी सम्मको प्रकृयालाई प्रविधि मैत्री एवं सुविधायूक्त भैसकेकोले यसलाई निरन्तरता दिईनेछ ।

९. गाउँपालिका र वडा कार्यालयवाट सेवा प्रवाह वापत लिईने शुल्क,दस्तुर रकम सफ्टवेयर (Centralized Computerize Billing ) मार्फत् कार्यान्वयन गरी सकिएकोले यसलाई निरन्तरता दिन हाल संचालनमा रहेको Server को क्षमता बृद्धि गरिनेछ । यसवाट दैनिक आन्तरिक आम्दानी गाउँपालिका र जुनसुकै वडा कार्यालयवाट समेत तत्काल हेर्न सकिनेछ ।

१०. गाउँपालिका तथा वडा कार्यालयहरुको गतिविधिहरुको निगरानी, शान्ति सुरक्षा तथा हरेक कृयाकलापको पारदर्शिता कायम गर्न सि सी क्यामेरा र विद्युतीय हाजिरी जडान भैसकेको छ ।

११. आगामी आ.व. २०७७।०७८ मा गाउँपालिका क्षेत्रभित्रका सवै माध्यामिक विद्यालयहरुमा ईन्टरनेट जडान गरिनेछ ।

१२. गाउँपालिकाको वस्तुगत विवरण तयार भैसकेकोले आ.व ०७७।७८ मा मध्यमकालीन खर्च संरचना (Medium Term Expenditure Framework),तथा क्षेत्रगत गुरुयोजना तयार गरी वार्षिक गाउँ विकास योजनासंग Tie-Up गरिने छ ।

१३. गाउँपालिका क्षेत्रभित्र नयाँ निर्माण गरिने घरको नक्सा पास गर्ने कार्य सफ्टवेरवाट गरिनेछ ।

१४. गाउँपालिकाको सरकारी ईमेल संचालनमा आइसकेकाले कार्यालयको सूचना तथा समाचार आदान प्रदान गर्ने कार्य सरकारी ईमेल मार्फत गरिने छ ।

१५. गाउँपालिकामा सेवाग्राहीहरुको बाक्लो चाप भएमा First Come First Service व्यवस्थाका लागि Queue Management System लागु गरिनेछ ।

१६. सुचना प्रविधि सम्वन्धी दैनिक काममा उपयोग हुने उपकरणहरु (कम्प्युटर, ल्यापटप, प्रिन्टर, स्क्यानर, सर्भर, सोलार व्याकअप आदि) आवश्यकता अनुसार व्यवस्थापन गरिनेछ ।

१७. गाउँपालिका लगायत सबै वडा कार्यालयमा सुचना केन्द्रको स्थापना र संचालन गर्ने कार्य गरिनेछ ।

१८. गाउँपालिकामा हाल संचालनमा रहेको Server व्यवस्थापनको लागि आवश्यक पर्ने Server Box को लागि आवश्यक वजेट विनियोजन गरिनेछ ।

१९. विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरस (Covid-19) का कारण गाउँपालिका, विषयगत कार्यालय र वडा कार्यालयमा संचालन हुने बैठकहरु Digital Virtual Meeting मार्फत गरिनेछ ।

२०. यस गाउँपालिकावाट प्रवाह गरिने सेवाहरु चुस्त दुरुस्त ढंगवाट सम्पादन गर्नको लागि संचालनमा रहेका सफ्टवेरहरु (योजना तथा कार्यक्रम संचालन, जिन्सी व्यवस्थापन, दर्ता चलानी तथा सिफारिश, नक्सापास, तलवी भरपाई, कक्षा ८ को मार्कसिट, सम्पती कर, विद्युतीय हाजिर) लाई निरन्तरता दिइनेछ ।

२१. गाउँपालिका क्षेत्रभित्र सम्पादन भएका भौतीक पूर्वाधार, सामाजिक विकास र संस्थागत विकासका कार्यहरुको एकमुष्ठ संकलन गरि Video Documentary वनाउने कार्यको लागि आवश्यक वजेट विनियोजन गरिनेछ ।

(घ) **भवन मापदण्ड नीति :**

१. सुरक्षित भवन निर्माण गर्न गाउँवासीलाई प्रोत्साहित गर्ने उद्देश्यले दुई वा दुईभन्दा बढी जग्गाधनिहरुको सहमतिमा एउटै आवासीय भवन निर्माण गर्ने गरी नक्सा पेश गरेमा नक्सापास दस्तुरमा निश्चित प्रतिशत छुट दिने नीति लिइनेछ ।

२. गाउँपालिकाक्षेत्रभित्र रहेका जोखिमयुक्त घर सुरक्षित बनाउन प्रोत्साहन गरिनेछ । यसको लागि गाउँपालिकाले निश्चित अनुदानको व्यवस्था गर्नेछ ।

३. गाउँपालिकाको भवन निर्माण आचार संहिता (Building By Laws) निर्माण गरी कार्यान्वयन गरिनेछ ।

ज्वालामुखी गाउँपालिका अभिलेख

## वातावरण तथा विपद व्यवस्थापन नीति :

“स्वच्छ हावा, स्वस्थ जीवन” लाई साकार पार्न वायु प्रदुषण नियन्त्रण, फोहरमैला व्यवस्थापन, पानी र फोहर पानी व्यवस्थापन, खुल्ला स्थान र हरियाली व्यवस्थापन, उर्जा तथा जलवायु परिवर्तन सम्बन्धी एकीकृत कार्यक्रमहरु संचालन गर्ने नीति लिइनेछ । साथै विपद् जोखिम न्यूनीकरण समेतको माध्यमद्वारा उत्थानशीलता अभिबृद्धि गरिनेछ ।

## (क) फोहोरमैला व्यवस्थापन नीति :

फोहोरमैलाको अन्तिम व्यवस्थापनमा प्रभावकारिता हासिल गर्न आधुनिक प्रविधिको उपयोग गरिनेछ । कुहिने फोहोर पुन:प्रयोग गर्न कम्पोष्ट प्लान्ट र बायो ग्यास प्लान्ट स्थापना गर्न पहल गरिनेछ ।

१. स्रोतमै फोहर छुट्टाएर संकलन गर्ने प्रणाली लागु गरिनेछ । घरबाट उत्सर्जित हुने जैविक फोहोरलाई कम्पोष्टमल बनाई व्यवस्थापन गर्न प्रेरित गरिनेछ । चिकित्साजन्य र अन्य हानिकारक फोहोरलाई छुट्टै विसर्जन गर्ने व्यवस्था गरिने छ ।
२. फोहोर वस्तुको प्रशोधन र पुन:प्रयोग गर्ने तथा फोहोर वस्तुवाट नयाँ वस्तु उत्पादनमा कार्य गरिरहेका सामुदायिक संस्था, निजी, गैर सरकारी संस्थाको सञ्जाल निर्माण गरी यसलाई प्रोत्साहन दिइनेछ ।
३. फोहरमैला संकलन, वर्गीकरण, ढुवानी र विसर्जन गर्नका लागि उपयुक्त स्थान, त्यसको व्यवस्थापन र फोहोरमैलालाई आम्दानीको श्रोतको रुपमा उपयोग गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
४. फोहरमैलाको उपयुक्त व्यवस्थापन, वर्गीकरण, कम्पोष्टिङ्ग, पुनः प्रयोग तथा पुनः उपयोग सम्बन्धी व्यवस्था मिलाउन गाउँपालिका भित्र कार्य गर्ने विभिन्न गैर सरकारी संस्था, सामाजिक संस्थाको सहभागितामा सामाजिक परिचालन र जनचेतना अभिवृद्धि गर्न पहल गरिनेछ ।

५. फोहोरमैला संकलन र व्यवस्थापन कार्यलाई दिगो तुल्याउन सार्वजनिक नीजि साझेदारीको अवधारणा अनुरुप निजी संघ संस्थासंग समन्वय गरी अगाडि बढाइनेछ ।

६. फोहोरमैलालाई वर्गीकरण थ्री आरको अवधारणा (Reduce,Reuse and Recycle) अनुरुप घरपरिवार तहबाट नै व्यवस्थापन गर्न उत्प्रेरित गर्ने कार्यलाई अभियानका रुपमा ल्याइनेछ ।

**(ख) प्रदुषण नियन्त्रण नीति :**

१. गाउँपालिकालाई प्लाष्टिक झोला निषेधित क्षेत्र तथा पुर्ण सरसफाइयुक्त क्षेत्र निर्माणको लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

२. घरबाट निस्कने फोहोर पानीलाई अनिवार्य रुपमा करेसाबारीमा प्रयोग गर्नुपर्ने नियम ल्याइनेछ  घरभित्रको धुँवावाट प्रदुषण मुक्त गर्न प्राथमिकताका साथ कार्यक्रम सञ्चालन गरिनेछ  ।

३. गाउँपालिकाका मुख्य बजार क्षेत्रलाई हर्न निषेधित क्षेत्रका रुपमा घोषणाका लागि नीति निर्माण गरी कार्यान्वयन गरिनेछ ।

**(ग) हरियाली प्रबर्द्धन नीति :**

१. एक घर पाँच रुखको कार्यक्रमलाई अभियानका रुपमा निरन्तरता दिइनेछ । गाउँपालिका क्षेत्रलाई सफा र सुन्दर बनाउन मूल सडक र सहायक सडक मोहडामा अवस्थित भवन तथा भौतिक संरचना, कम्पाउण्डवाल समेतमा तोकिए बमोजिम रंगरोगन गर्न प्रोत्साहित गर्ने नीति लिइनेछ ।

२. वातावरणमैत्रि स्थानीय शासनका सुचकहरुलाई अवलम्बन गरी वातावरण बचाउ अभियानलाई कडाईका साथ कार्यान्वयन गरिने छ ।

३. प्राकृतिक वातावरण संरक्षणको लागि विविध रचनात्मक क्रियाकलापहरु जस्तै : वृक्षारोपण, सुधारिएको चुलो तथा वायोग्याँस निर्माण, लगायत कार्वन उत्सर्जन घटाउने नवीनतम कार्यक्रमहरु संचालन गरिनेछ  ।

४. गाउँपालिका भित्रको निश्चित क्षेत्रलाई वृक्षारोपण क्षेत्र घोषणा गरी सरोकारवाला निकायसँग को समन्वय र सहकार्यमा वृक्षारोपण गरी वातावरण संरक्षण कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईनेछ ।

ज्वालामुखी गाउँपालिका पाँचौं अधिवेशन

५. गाउँपालिकाको समग्र विकास र प्रगति वातावरणसँग जोडिएको हुँदा यस गाउँपालिकालाई वातावरण मैत्री गाउँ घोषणा गर्ने गरी यसै आ.व. ०७७/७८ बाटै वातावरण मैत्री विकास निर्माणका कार्यक्रमहरु सञ्चालन गर्ने नीति तय गरी लागु गरिने छ ।

६. वातावरण मैत्री गाउँ बनाउन आवश्यक पर्ने स्रोत साधन तथा प्राविधिक सहयोगलाई विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय निकायसँग सहकार्य तथा साझेदारीमा विविध कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

७. सामुदायिक वन उपभोक्ता समिति तथा वन डिभिजन कार्यालयको संयुक्त प्रयासमा एक वडा एक नर्सरी कार्यक्रम संचालन गरिनेछ । साथै कवुलियत वन कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

## (घ) जलवायु परिवर्तन अनुकूलन नीति :

१. जलवायु परिवर्तनबाट हुनसक्ने प्रतिकूलताको सामना गर्न ज्वालामूखी गाउँपालिकालाई Green तथा Energy Efficient पालिकामा रुपान्तरण गर्न आगामी आर्थिक वर्षमा वृहत् छलफल तथा अध्ययन गरी दीर्घकालिन रणनीति तयार गरिनेछ ।

२. गाउँपालिकालाई खानेपानी, सरसफाइ र वातावरण संरक्षणको क्षेत्रमा अगुवा एवं नमुना गाउँपालिकाको रुपमा स्थापित गरिनेछ ।

३. सार्वजनिक जग्गामा वृक्षारोपण गर्ने नीति लिइ वातावरण संरक्षणका कार्यक्रम संचालन गरिनेछ ।

४. एक वडा एक पोखरी, एक वडा एक पार्क, एक वडा एक वालवाटिका पार्क निर्माण गर्ने कार्यलाई विस्तारै कार्यान्वयनमा ल्याईने छ । गाउँको सार्वजनिक जग्गामा सार्वजनिक पार्क/बोटानिकल गार्डेन निर्माण गरी सार्वजनिक जग्गाको संरक्षण गरिनेछ ।

५. गाउँपालिका भित्रका विभिन्न डाडाँहरुमा जमिनमूनिको पानी डिप बोरिङबाट वाहिर निकाली खानेपानी तथा सिंचाईको लागि सहज आपुर्ती गर्ने कार्यमा प्राथमिकताका साथ काम गरिनेछ ।

६. गाउँपालिका क्षेत्र भित्रका खोला तथा पानीका मुहान, ताल, पोखरी, कुवा, धारा आदिको संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

ज्वालामुखी गाउँपालिका पाँचौं अधिवेशन

७. गाउँपालिका क्षेत्र भित्रका सम्पूर्ण पानीको स्रोतको सर्भे एवं संरक्षण गर्ने नीति लिइ आवश्यक सूचना  संकलन गरिनेछ ।
८. विकास योजना संचालन गर्दा साना योजनाहरुमा प्रारम्भिक वातावरणीय मूल्यांकन (IEA) र ठूला योजनाहरुमा वातावरणीय प्रभाव मूल्यांकन (EIA) गर्ने परिपाटीलाई संस्थागत गर्दै लगिनेछ ।
९. भू-क्षय, वाढी, पहिरो, आगलागी, डढेलो नियन्त्रणका लागि विभिन्न संघ संस्थाहरुसंगको समन्वयमा कार्यक्रम संचालन गर्न विशेष पहल गरिनेछ ।
१०. वातावरणमा महत्वपूर्ण भूमिका रहने एक गाउँ एक पोखरीको अवधारणालाई अनिवार्य रुपमा कार्यान्वयन गरिनेछ ।

## (ङ) विपद् व्यवस्थापन नीति :

१. गाउँपालिकाको पुर्वाधार विकास प्रकृयामा विपद् जोखिम न्यूनीकरणको अवधारणाहरुलाई आत्मसाथ गरिनेछ ।
२. भूकम्प, बाढी, आगलागी जस्ता प्राकृतिक प्रकोपका कारण वा जीर्ण भइ बसोबास गर्न नमिल्ने अवस्थाको घरहरुको स्थलगत प्रतिवेदन लिई बस्न अयोग्य भएका घरहरुलाई प्रतिवेदनका आधारमा सम्पत्ति कर छुट दिइनेछ । त्यस्तो छुट, सुविधा लिएका घरहरुबाट मानवीय क्षति हुन नदिन अनिवार्य रुपमा भत्काउने व्यवस्था लागू गरिनेछ ।
३. विकासलाई विपद् जोखिमसँग जोडी विपद् प्रतिरोधात्मक संरचनाको निर्माण गर्ने नीतिलाई तदारुकताका साथ अगाडि बढाइने छ । विपद्का सम्भावित क्षेत्र पहिचानका लागि विपद् जोखिम नक्शांकन कार्यको शुरुवात गर्नुका साथै स्थानीय विपद् जोखिम न्यूनीकरण तथा ब्यबस्थापन योजना निर्माण कार्यलाई अगाडि बढाइने छ ।
४. विपद्को समयमा उद्दार गर्न हरेक वडामा एक तालिम प्राप्त विपद् उद्दार समुह गठन गरिनेछ । उक्त समुहलाई विपद्मा उद्दार गर्ने कार्यमा आवश्यक सामाग्री खरिद गरि उपलब्ध गराइने छ । यसको लागि विपद् व्यवस्थापन सामाग्री खरिद गरि भण्डारण गरिनेछ ।
५. विपद् तथा प्रकोपको समयमा हेलीकप्टरबाट पनि उद्दार गर्नुपर्ने आवश्यकतालाई महशुस गरी गाउँपालिका क्षेत्र भित्र ७ वटै वडामा हेलीप्याड निर्माण गरिने छ ।

ज्वालामुखी गाउँपालिका पाँचौं अधिवेशन

६. प्राकृतिक प्रकोप (चट्याङ्ग, वाढी पहिरो, हावाहुरी, भूकम्प आगलागी डढेलो) नियन्त्रणका लागि आवश्यक बजेट विनियोजन गरी कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

७. विपद् व्यवस्थापन कोष संचालन एवं कार्यविधि तयार भै कोष खडा भैसकेको हुँदा यसको कार्यान्वयनको लागि विपद् व्यवस्थापन कोषमा थप रकम जम्मा गरी वजेट विनियोजन समेत भैसकेकोले यसको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

८. गाउँपालिका तथा वडामा एकिन गर्नुपर्ने खुला क्षेत्रको अवधारणालाई अनिवार्य पहिचान गरिने छ । विपद् व्यवस्थापनको लागि Rapid Response Team (RRT) / Community Rapid Response Team (CRRT) खडा गरी तत्काल व्यवस्थापन गरिनेछ ।

**संस्थागत विकास र सुशासन :**

(क) **संस्थागत तथा मानव संशाधन विकास नीति :**

१. गाउँपालिकाको संगठन संरचनालाई आवश्यकता अनुसार पुनरावलोकन गरी सवै तहका कर्मचारीहरुको कार्यविवरण बनाई लागू गरिनेछ । कर्मचारीको कामको मूल्यांकन गरी पुरस्कार र दण्डको नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । कर्मचारीको क्षमता विकास, अनुशासन, वृत्ति विकासमा जोड दिई कर्मचारी प्रशासनलाई जवाफदेही, प्रतिस्पर्धी र उत्प्रेरित बनाइनेछ ।

२. गाउँपालिकाबाट प्रवाह गरिने सांर्वजनिक सेवालाई स्वच्छ, निश्पक्ष, पारदर्शी र सेवाग्राहीमैत्री बनाई महत्वपूर्ण जिम्मेवारीमा रहेका कर्मचारीहरुसँग कार्यसम्पादन करार सम्झौता गरी नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्वन गरिनेछ ।

३. गाउँपालिकाका करारमा कार्यरत कर्मचारीहरुको व्यवस्थापन गर्नका लागि विशिष्टीकृत कानूनका रुपमा कर्मचारीहरुको सेवा, सर्त र सुविधाहरु उल्लेख गरी गाउँपालिका सेवा ऐन तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

४. गाउँप्रहरीको अवधारण अनुसार नेपाल प्रहरीको सहयोगीको भुमिका निर्वाह गर्ने गरि गाउँप्रहरी भर्ना गरिने छ ।

५. निर्वाचित जनप्रतिनिधि र कर्मचारीको लागि आवश्यक क्षमता विकास तालिमको व्यवस्था गरिनेछ ।

६. गाउँप्रहरी ऐन हाल मस्यौदाको रुपमा रहेको र उक्त ऐनको कार्यान्वयनका लागि आवश्यक पहल गरिनेछ । गाउँ प्रहरीलाई नतिजामूलक सुरक्षा बलको रुपमा

विकास गर्न आवश्यक क्षमता विकास, तालिम तथा श्रोत साधन उपलब्ध गराईनेछ ।

७. गाउँपालिका क्षेत्र भित्र कुनै पनि गैरसहकारी संस्थाले कार्यक्रम गर्नु पुर्व अनिवार्य रुपमा गाउँपालिकासंग अनुमति लिई सम्झौता गरेर मात्र कार्यक्रम अगाडि बढाउनु पर्ने नीति लाई कडाईका साथ लागु गरिनेछ ।

८. गाउँपालिकालाई विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय स्थानीय तहहरुसँग भगिनी सम्बन्ध कायम गर्ने नीति लिइनेछ । यस कार्यमा गाउँपालिकाको विशेषता र विशेष पहिचान झल्किने गरी प्रकाशन सामाग्री तथा डकुमेन्ट्री तयार गरिनेछ । साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्बन्ध विस्तार गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

९. जनतामा प्रवाह गरिने सेवालाई थप प्रभावकारी बनाउन जनशक्तिको क्षमता विकास सम्बन्धी कार्यक्रमहरु संचालन गर्न क्षमता विकास योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

१०. क्षमता विकासका लागि आवश्यक गोष्ठी, तालिम, प्रशिक्षण कार्यक्रम तर्जुमा गरी कार्यान्वयनका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

११. गाउँपालिकाको प्रशासनिक व्यवस्था, सांगठनिक संरचना र संस्थागत प्रणालीलाई भरपर्दो, चुस्त, दुरुस्त, विश्वासनीय र प्रभावकारी बनाउन गाउँपालिका र अन्तरगत करार मा कार्यरत कर्मचारीको सेवा सुविधा सम्वन्धि कार्यविधि तयार गरि कर्मचारी कल्याण कोष खडा गरि अवकास सेवा उपलव्ध गराईनेछ ।

१२. गाउँपालिका क्षेत्र भित्र उपभोक्ता समिति मार्फत गरिने कार्यलाई प्रभावकारी, पारदर्शी, छिटो छरितो र सहजीकरणका लागि उपभोक्ता समितिका पदाधिकारीलाई कार्य थालनी पूर्व अनिवार्य रुपमा अभिमुखीकरण तालिम प्रदान गरिनेछ ।

१३. गाउँपालिका र वडा कार्यालयका लागि आन्तरिक आयवाट खर्च व्यहोर्ने गरेर आवश्यक कर्मचारी करार सेवामा भर्ना गरी सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त, पारदर्शी र प्रभावकारी वनाईने छ ।

१४. गाउँपालिका र वडा कार्यालयवाट संचालन हुने योजना, परियोजना र सेवा प्रवाहका सम्वन्धमा सम्पूर्ण सरोकारवालाहरु विच पारदर्शिता एवं जवाफदेहिता प्रवर्द्धनका लागि प्रत्येक चौमासिक रुपमा गाउँपालिका र वडास्तरिय सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिनेछ ।

१५. गाउँपालिका क्षेत्रभित्र निश्चित योग्यता पुगेका विद्यार्थीहरुका लागि लोक सेवा आयोगको अवधारणा र विषयवस्तुका सम्वन्धमा अभिमुखीकरण कार्यक्रम

संचालन गर्नका लागि बजेट विनियोजन गरी निश्चित मापदण्ड वनाई सहभागी गराईनेछ ।

१६. वडासमिति सदस्य, कर्मचारी र कार्यालयको भौतिक क्षमता विकास गरी आधारभुत सेवाहरु त्यहीबाट उपलब्ध गराउन आवश्यक क्षमता विकास,भौतिक तथा संस्थागत पूर्वाधारको विकास गर्न आवश्यक बजेट र जनशक्तिको व्यवस्था गरिनेछ ।

## (ख) सुशासन तथा सुरक्षा नीति :

गाउँपालिकाबाट सञ्चालन हुने सबै प्रकारका योजना, आयोजना तथा कार्यक्रमको नियमित अनुगमन तथा मुल्याङ्कन गर्दै उक्त कार्यक्रमहरुको सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, प्रगति समीक्षा जस्ता कार्यहरुबाट पारदर्शिता एवम् स्थानीय सुशासन कायम गरिनेछ । गुनासो सुन्ने र समाधान गर्ने परिपाटीको विकास गर्न गाउँपालिका भित्र गुनासो सुन्ने अधिकारी तथा गुनासोको कारवाही गर्ने व्यवस्था गरी सकिएको छ । चौमासिक रुपमा नतिजामूलक अनुगमन तथा मुल्याङ्कनको सिद्धान्त अनुसार योजनाहरुको अनुगमन प्रतिवेदन तयार गरी गाउँकार्यपालिका वोर्ड वैठकमा प्रस्तुत गर्ने व्यवस्था मिलाइनेछ ।

१. कार्यालयवाट प्रवाह गरिने नियमित सेवालाई टोकन प्रणाली मार्फत गरिनेछ । बृद्धबृद्धा र अपांगता भएका व्यक्तिहरुलाई विशेषप्राथमिकता दिईनेछ ।
२. गाउँपालिकाका सवै वडा कार्यालयहरुमा गुनासो सुन्ने अधिकारी, हेल्प डेक्स र विद्युतीय नागरिक वडापत्रको व्यवस्था थप प्रभावकारी बनाईनेछ ।
३. गाउँपालिकाको न्याय प्रणालीलाई स्वतन्त्र, निष्पक्ष, पहुँचयोग्य, सक्षम एवं विश्वसनीय बनाईनेछ । यसै आर्थिक वर्षभित्र सवै वडा कार्यालयमा मेलमिलाप केन्द्र सञ्चालन गरी मेलमिलाप हुने प्रकृतिका विवादहरु वडास्तरमै निरुपण गर्ने कानूनी व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । विवादको टोलस्तरमा नै समाधान गर्न वडा-वडामा मेलमिलाप केन्द्र सञ्चालन गरिनेछ । मानव अधिकार प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।
४. राज्यको चौथो अंग पत्रकारीता क्षेत्रसंग आबश्यक समन्वय र सहकार्य गरि बजेट तथा कार्यक्रम तय गरिनेछ ।
५. न्यायिक काम कारवाहीलाई सूचना प्रविधिसँग आबद्ध गरी विवादको दर्ता, मेलमिलाप, सुनुवाई तथा निर्णय कार्यान्वयनलाई व्यवस्थित गरिनेछ ।

ज्वालामुखी गाउँपालिकाको पाँचौं अधिवेशन

६. गाउँपालिकामा ई-गभर्नेन्स प्रणालीको विकास र विस्तार गर्न आवश्यक पूर्वाधारहरुको निर्माण एवं सो को प्रभावकारी कार्यान्वयन गरिनेछ ।

७. गाउँपालिका कार्यालय, वडा कार्यालय र गाउँ क्षेत्रका सवै सार्वजनिक निकायहरुमा नागरिक वडापत्र तयार गरी कार्यान्वयनमा ल्याइसकिएको छ । साथै आगामी दिनमा आवश्यकता अनुसार तोकिएको समयमा सेवा प्रवाह, लाग्ने दस्तुर लगायत समय र जिम्मेवारी कर्मचारी समेत तोकी सेवा प्रवाहलाई जनमुखी, पारदर्शिता सहित सुशासन कायम गरिनेछ ।

८. गाउँपालिका र वडा कार्यालयमा उत्कृष्ट कार्य गर्ने कर्मचारी तथा संस्थाको पहिचान गरी पुरष्कृत गर्ने परिपाटीलाई निरन्तरता दिईनेछ । त्यसै गरी उत्कृष्ट शिक्षक, उत्कृष्ट सामाजिक परिचालक, महिला स्वास्थ्य स्वयंसेविका, आमा समुह, महिला समुह, सहकारी, वन समुह, कृषक समुह, टोल विकास समुह, निर्माण व्यवसायी, उपभोक्ता समिति लाई पनि पुरष्कृत गरीने परिपाटीलाई निरन्तरता दिईनेछ ।

९. गाउँपालिकाबाट जनतालाई उपलब्ध गराइने सेवा सुविधाको विस्तृत विवरण समावेश भएको गाउँपालिकाको विद्युतीय नागरीक वडापत्र तयार गरिनेछ ।

१०. निर्वाचित पदाधिकारी र कर्मचारीहरुको आचारसंहिता तयार हुने क्रममा रहेको र सो तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।

११. राष्ट्रिय परिचयपत्र व्यवस्थापन कार्यलाई अध्यावधि गर्न विशेष महत्वका साथ आवश्यक जनशक्ति परिचालन गरिनेछ ।

१२. विधिको शासन सुदृढ त्युल्याउन कर्मचारी प्रशासनलाई अनुशासित व्यवस्थित कुशल र जनमुखी सेवामा प्रतिवद्ध गराउदै सेवा प्रभालाई सरल, सहज, चुस्त, दुरुस्त र पार्दर्शी बनाईनेछ ।

१३. सेवा ग्राहीसँग विनम्र, सव्य, सम्माजनक एवं विभेदरहित व्यवहार गर्न सबै सेवा प्रदायकलाई अभिप्रेरित गरिनेछ ।

१४. गाउँपालिका वासि जनताको शान्ति सुरक्षा एवं अमन चैन कायम गर्न गाउँपालिकामा रहेको नेपाल प्रहरीको मनोवल उच्च राखि काम काज गरर्नका लागि आबश्यक बजेटको व्यबस्था गरिने ।

## (ग) राजश्व परिचालन तथा वित्तिय व्यवस्थापन नीति :

ज्वालामुखी गाउँपालिकाको पाँचौं अधिवेशन

गाउँपालिकाको आन्तरिक श्रोत साधनको प्रभावकारी परिचालन गर्न प्रगतिशील कर प्रणालीको विकास, सक्षम कर प्रशासनको निर्माण, करका दायरा विस्तार र राजश्व चुहावट नियन्त्रणलाई प्रभावकारी बनाइनेछ ।

१. गाउँपालिकाले प्रवाह गर्ने सेवासँग सम्पत्ति कर, बहाल कर, व्यवसाय कर र विज्ञापन करलाई  एकीकृत रुपमा आबद्ध गरिनेछ ।
२. आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षण र कर परीक्षण कार्यलाई प्रभावकारी बनाइनेछ ।
३. गाउँपालिकाले संकलन गर्ने कर, सेवा शुल्क तथा जरिवाना बैकिंग प्रणालीबाट मात्र लिने नीति अवलम्बन गरिनेछ ।
४. नेपालको संविधान २०७२ ले स्थानीय तहलाई दिएको २२ वटा एकल अधिकार क्षेत्र भित्र रही श्रोत परिचालनलाई समतामुलक, प्रगतिशील र न्यायपूर्ण पद्धति अपनाई कर तथा राजश्व निर्धारण गरिने छ । सवै सरोकारवाला करदाताहरुको सहभागितामा राजश्व अभिबृद्धि गरी कुल बजेटमा आन्तरिक आम्दानीको हिस्सालाई बढाइदै लगिने छ ।
५. गाउँपालिकाको राजश्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan) तयारीको अन्तिम चरणमा रहेको र यसमा थप राजश्वका क्षेत्रहरुको पहिचान गर्दै आगामी बर्षदेखि राजश्व अभिबृद्धि गर्न यसै कार्ययोजनालाई कार्यान्वयन गरी आन्तरिक राजश्व बृद्धि गर्न आवश्यक पहल गरिनेछ ।
६. गाउँपालिकाको राजश्वका दर तथा क्षेत्र निर्धारण गर्दा प्रचलित ऐन नियम तथा कार्यविधिको अधीनमा रही राजश्व परामर्श समितिको सिफारिशको आधारमा करका दायराहरु निर्धारण गरिनेछ ।
७. राजस्व सम्बन्धी संभाब्यता अध्ययन कार्य यसै वर्ष अगाडि बढाइनेछ । राजस्व सम्बन्धी सम्भाव्यता अध्ययन प्रतिवेदनका लागि कर प्रणालीलाई व्यवस्थित र वैज्ञानिक बनाइनेछ । सम्पत्ति करलाई व्यवहारिक, वैज्ञानिक र न्यायोचित वनाईने छ ।
८. करको दायरा फराकिलो बनाउन नयाँ करका क्षेत्र पहिचाहनमा प्राथमिकता दिइनेछ ।

## घ) विधेयक एवं ऐन नियम :

ज्वालामुखी गाउँपालिकाको पाँचौ अधिवेशन

नेपालको संविधान २०७२ ले स्थानीय तहलाई दिएको अधिकारको पूर्ण उपयोग तथा परिपालना गर्न संघीय र प्रदेश सरकारका प्रचलित कानूनसंग नबाझिने गरी कार्यपालिका र गाउँसभाबाट आवश्यक २८ वटा ऐन नियम बनाई कार्यान्वयनमा ल्याई सकिएको छ। थप आवश्यक ऐन, नियम निर्देशिका, कार्यविधि आवश्यकता अनुसार तयार एवं पास गरी कायान्वयनमा ल्याईने छ ।

१. गाउँकार्यपालिकाको लागि आवश्यक थप ऐन, नियम निर्माण गर्नको लागि विषय विज्ञ समेतको परामर्श चाहिने हुँदा यसको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

**गाउँ सभाका सदस्यज्यूहरु,**

अव म गाउँपालिकाले आ.व.०७७/७८ मा प्राथमिकतामा राखेका प्रमुख कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु।

## (क). सामाजिक विकास :

१. स्वास्थ्य चौकी तथा स्वास्थ्य एकाईबाट प्रदान गरिने खोप सेवा, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य, पोषण लगायतका सेवाहरु र उपचारात्मक सेवाका लागि आवश्यक औषधी उपकरण तथा स्वास्थ्य सामाग्रीको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।
२. खोप, सुरक्षित मातृत्व, प्रजनन् स्वास्थ्य, पोषण जस्ता जनस्वास्थ्यसंग आधारभूत सेवा सुविधालाई प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वयंसेविकालाई परिचालन गर्न आवश्यक बजेटको ब्यबस्था गरिनेछ।
३. हाल विद्यालय बन्द रहेको अवस्थामा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम बैकल्पिक विधिहरुको प्रयोग गरी पठनपाठन सुचारु गर्न सम्बन्धित निकाय संग समन्वय गरि आवश्यक बजेटको व्यवस्था गरिनेछ।
४. स्वास्थ्य चौकी तथा अस्पतालमा सुत्केरी भएकी महिलालाई सुत्केरी भेट विशेष कार्यक्रमको लागि वजेट विनियोजन गरिनेछ।

ज्वालामुखी गाउँपालिका पाँचौं अधिवेशन

५. सामाजिक दुरी कायम गरी विद्यालय संचालन गर्न नेपाल सरकारबाट निर्णय भएको अवस्थामा स्वास्थ्य सम्बन्धी मापदण्ड पालना गरी पठनपाठनलाई नियमित गर्न आवश्यक पर्ने पूर्वाधार निर्माण, खानेपानी, शौचालय तथा सरसफाइको प्रवन्ध गर्न बजेटको व्यवस्था गरिनेछ ।

६. शिक्षा, स्वास्थ्य, खानेपानी, महिला, बालबालिका, दलित, जनजाति, पिछडा वर्ग, सिमान्तकृत समूदाय अपांङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकको उत्थान र विकासमा गाउँपालिका मार्फत् सञ्चालन हुँदै आएको कार्यक्रम तथा योजनालाई अझ परिष्कृत गर्नुपर्ने आवश्यकता देखि बजेटको व्यवस्था गरिनेछ ।

७. गाउँपालिकाले नियमित रुपमा वितरण गर्दै आएको सामाजिक सुरक्षा भत्तालाई थप व्यवस्थित चुस्त, दुरुस्त र पारदर्शी तवरले वितरण गर्ने र लक्षित वर्गको लागि विनियोजित कार्यक्रम सोही अनुसार सञ्चालन हुनेछ । यसबाट लक्षित वर्गले प्राप्त गर्ने हक अधिकार र सामाजिक सुरक्षा भत्ता सहज रुपमा प्राप्त गरेको महशुस गरेको छु ।

८. जेष्ठ नागरीक परिचय पत्र तयार एवं वितरण गरी वृद्ध वृद्धाको सम्मान गरी जेष्ठ नागरिकमैत्री गाउँपालिकाको रुपमा चित्रण गर्न आवश्यक रहेकोले अपाङ्गता परिचय पत्र वितरण कार्यविधि २०७५ र जेष्ठ नागरिक परिचयपत्र वितरण निर्देशिका २०७६ जारी भै कार्यान्वयनमा आईसकेको व्यहोरा निवेदन गर्न चाहन्छु ।

९. प्रत्येक टोलमा टोल विकास समिति गठन गरि युवाहरुलाई विकास कार्यमा परिचालन गरिनेछ ।

## (ख) स्वास्थ्य (कोभिड-१९ बाट सिर्जित संकट) व्यवस्थापन :

१. आर्थिक रुपले अति विपन्न श्रामिक तथा मजदुरलाई रोजगारी उपलब्ध गराउन श्रममुलक प्रविधिको प्रयोग गरी कार्यान्वयन गर्ने आयोजना छनोट र कार्यान्वयन गरिनेछ ।

२. संक्रमण जोखिम रहदासम्म अशक्त, असहाय एवं आर्थिक रुपले विपन्न गर्भवती महिला, जेष्ठ नागरिक एवं अपाङ्गता भएका व्यक्तिहरुलाई राहतका कार्यक्रम संचालन गर्न बजेटको व्यवस्था गरिनेछ ।

३. कोभिड-१९ मा स्थानीय तहमा खटिने स्वास्थ्यकर्मी तथा जनशक्तिलाई स्वास्थ्य सुरक्षा सामाग्री (मास्क, पञ्जा, सेनिटाइजर, पिपिई) हरुको अभाव नहुने गरी बजेटको व्यवस्था गरिनेछ ।
४. कोभिड-१९ संक्रमणको संभावित जोखिममा रहेका नागरिकलाई क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाउन आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
५. कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि क्षमता विकास तथा जनचेतनामूलक कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
६. एम्बुलेन्स सेवालाई चौबिसै घण्टा संचालन हुने गरी तयारी हालतमा राख्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
७. कोभिड-१९ का कारण विद्यार्थी, गर्भवती महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, डिप्रेसनमा रहेका व्यक्ति तथा मनोसामाजिक परामर्श आवश्यक पर्ने व्यक्तिहरुलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
८. कोरोना भाईरस (COVID-19) का कारण श्रृजित समस्यावाट अक्रान्त भएको दैनिक जनजिवनलाई सामान्य अवस्थामा फर्काउन विशेषकार्यक्रम तय गरिनेछ ।

## (ग). आर्थिक विकास :

१. कृषि उपज तथा कृषिजन्य उत्पादनमा आत्मनिर्भरताका लागि उद्यमशिलताको प्रवर्द्धन गर्न मल, बिउ, कीटनाशक औषधीको उपलब्धता,उत्पादित वस्तुको भण्डारण तथा प्रशोधन र बजार व्यवस्थामा सहजीकरण गर्न र सिंचाई सुविधाको विस्तारका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
२. किसानको लागत मुल्य प्राप्तिको सुनिश्चिचताको लागि कृषि तथा पशु बिमा कार्यक्रमलाई प्रोत्साहित गर्न नीतिगत तथा कार्यक्रमगत व्यवस्था गरिनेछ ।
३. गाउँपालिकाको सिमित स्रोत र साधनबाट प्रत्यक्ष रुपमा आर्थिक विकासमा योगदान पुग्ने वृहत् कार्यक्रम नभए पनि अप्रत्यक्ष रुपमा कृषि, पशुपालन, पर्यटन र उद्योग वाणिज्य जस्ता क्षेत्रमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरी आर्थिक विकासमा योगदान पुर्याउने खालका कार्यक्रमहरु तर्जुमा गरिनेछ ।
४. गाउँपालिका भित्र रहेका बाँझो जग्गाहरुको एकीकृत तथ्याङ्क संकलन गरी सोको पूर्ण उपयोगको व्यवस्था मिलाउन भूमी बैंकको अवधारणा कार्यान्वयन गरी यसलाई प्रोत्साहित गर्न कर सहुलियत तथा अनुदानको व्यवस्था गरिनेछ ।

५. स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रवर्द्धन गर्न सीपमुलक तालिमको व्यवस्था गरी उत्पादित वस्तुहरुको बजारीकरणको लागि सहयोग प्रदान गरिनेछ ।

६. रोजगारीको खोजीमा रहेका जनशक्तिलाई विभिन्न क्षेत्रका रोजगारदातासंग समन्वय गरी रोजगारी प्रदान गर्न सहजीकरण गरिनेछ ।

## (घ). वित्तिय व्यवस्थापन र सुसासन :

१. संस्थागत विकासको लागि नेपाल सरकारको प्रचलित ऐन, नियम तथा नीति पालना गर्नुका साथै गाउँ सरकारले आवश्यक २८ वटा ऐन, नियम, विधि र निर्देशिका निर्माण भै नयाँ नीति तथा प्रविधि अपनाई वित्तिय व्यवस्थापन र सुसासन कायम गर्ने योजना तथा कार्यक्रम सञ्चालन गर्ने प्रयास गरिएको छ । साथै गाउँपालिकाले सबै प्रकारका वित्तिय अनुशासन कायम हुने कार्य गर्नुका साथै समयमा नै प्राविधिक तथा वित्तिय प्रतिवेदन पेश गर्ने कार्य हुर्दै आएको छ ।

२. विगतदेखि नै कायम रहेको पेश्की बेरुजु घटाउनको लागि पेश्की बेरुजुको लगत तयार गरी वैज्ञानिक बेरुजु फछ्र्यौट प्रणालीका आधारमा पेश्की बेरुजु फछ्र्यौट गरिनेछ ।

## (ङ). पूर्वाधार विकास :

१. गाउँपालिका क्षेत्रभित्रका मुख्य सडक ग्राभेल गरी बाह्रै महिना सवारी साधन सूचारु गर्नको लागि खण्डीकृत रुपमा सडक ग्राभेल भै सवारी साधन सुचारु भैरहेको छ । साथै बाँकी स्तरोन्नती कार्य आगामी आ.व. मा सम्पन्न गर्नको लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

२. योजना छनौट गर्दा नतिजामा आधारित अर्थपूर्ण सहभागितामूलक योजना तर्जुमा प्रक्रियाको मर्म र भावना समेटिने गरी छनौट गरिने छ ।

३. योजना छनौट गर्दा आवश्यकता, यथार्थता, वास्तविकता, उपलब्धि र प्राथमिकताको आधारलाई मध्यनजर गरी छनौट गरिनेछ ।

ज्वालामुखी गाउँपालिका गाउँ अधिवेशन

४. गाउँपालिका भित्र रहेका नदी तथा खोला, खोल्सीमा आवश्यकता अनुसार पुल तथा झोलुङ्गे पुल निर्माण गरिनेछ ।

५. गाउँपालिका अन्तर्गत सात वटा वडा रहेको छन् । जस मध्ये ३ वटा वडा कार्यालयहरु २, ४ र ५ आफ्नै भवनवाट सेवा संचालन भैरहेको र वाँकी १, ३, ६ र ७ को वडा कार्यालय भवन निर्माण कार्य अन्तिम चरणमा रहेको छ । साथै गाउँपालिकाको प्रशासनिक भवनको लागि निशुल्क जग्गा प्राप्तिको कार्य अन्तिम चरणमा रहेको हुँदा आगामी आ.व. मा भवन निर्माण कार्यको थालनी गरिनेछ

६. उर्जा क्षेत्रमा राष्ट्रिय गौरवको अत्याधुनिक जलासययुक्त बुढीगण्डकी जलविद्युत् आयोजनाको थालनी एवं कार्यान्वयनको लागि सम्वन्धी आवश्यक सहयोग र सहकार्य गरिने छ ।

## (च). वातावरण तथा विपद् व्यवस्थापनः

१. कोभिड-१९ बाहेकका विपद्हरुको रोकथाम तथा न्यूनीकरणको लागि पुर्वतयारी, प्रतिकार्य र पुनर्लाभका कार्यक्रम संचालन गर्न स्थानीय विपद् व्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

२. पूर्वाधार विकासका क्रियाकलापहरु संचालन गर्दा विपद् जोखिम संवेदनशीलतालाई ध्यानमा राखी कार्यक्रमहरु संचालन गरिनेछ ।

३. चालु आ.व. को लागि वातावरण तथा विपद् व्यवस्थापनको क्षेत्रमा विनियोजन गरीएको बजेटवाट क्षति अनुसारको राहत वितरण गरी विपद् व्यवस्थापनको क्षेत्रमा बजेट व्यवस्थापनको कार्यलाई निरन्तरता दिईनेछ ।

४. त्यस्तै भुकम्पबाट भत्केका निजी तथा सरकारी भवनको निर्माणमा आशातित प्रगति नभए पनि आगामी आ.व. ०७७।७८ बाट यसतर्फ विशेष कार्ययोजनाका साथ अगाडि बढिनेछ ।

५. गाउँपालिका क्षेत्र भित्र हुन सक्ने वन अतिक्रमण कार्यलाई कडाईका साथ रोकथाम एवं नियन्त्रण गरीने छ ।

६. विषादीहरुको प्रयोग निरुत्साहित गर्न जैविक मल तथा विषादी उत्पादन प्रणालीलाई प्रोत्साहित गर्ने ।

## (छ). संस्थागत विकास तथा सेवा प्रवाह :



ज्वालामुखी गाउँपालिकाको पाँचौं अधिवेशन

१. कोभिड-१९ को रोकथामका लागि नेपाल सरकारबाट लागु गरेको लकडाउनका कारण आय संकलन प्रक्रिया प्रभावित भएकाले आगामी दिनहरुमा यस्तो हुन नदिन आवश्यक नीतिगत तथा कानूनी व्यवस्था गरिनेछ ।
२. गाउँपालिकाको आफ्नो सुविधा सम्पन्न कार्यालय भवन निर्माण, संघीय सरकारले सृजना गरेको दरवन्दी अनुसार आवश्यक कर्मचारी, प्रविधि तथा उपकरणको व्यवस्थापन गरी दैनिक प्रशासनिक लगायत अन्य सेवा प्रवाहलाई चुस्त, दुरुस्त र पारदर्शी वनाईनेछ ।
३. त्यस्तै गरी संघीय सरकारबाट कर्मचारी नियुक्ति गर्ने गरी लोक सेवा आयोगमा कर्मचारी माग गरिसकिएको हुँदा आगामी आ.व. देखि दरवन्दी वमोजिम कर्मचारी व्यवस्थापन भै सेवा प्रवाहमा सहज हुने जानकारी गराउन चाहन्छु ।

ज्वालामूखी गाउँपालिका पाँचौं अधिवेशन

**अन्तमा,**

ज्वालामूखी गाउँपालिकालाई विगतको ऐतिहासिक, साँस्कृतिक, समुन्नत बिरासतलाई ईतिहास, वर्तमान र भविष्यसंग जोड्दै समृद्धि तर्फ लैजाने, जनताको सापेक्ष विकासका चाहना पुरा गर्ने, स्थानीय सरकार र स्थानीयवासी बिचको सुमधुर सम्बन्ध कायम गर्ने, आधुनिक प्रविधि र मौलिक पहिचानको समिश्रणवाट उत्तर-आधुनिक विकासको खाका कोर्ने र तदानुरुपका अत्याधुनिक पूर्वाधार र संरचना तयार गरी ज्वालामूखीलाई समुन्नत बनाउने सन्दर्भमा हाम्रा प्रयत्नहरु निरन्तर जारी छन् । यस अवसरलाई सदुपयोग गर्दै सम्पूर्ण

गाउँवासीलाई स्वच्छ, निष्पक्ष, न्यायपूर्ण र प्रतिबद्ध नेतृत्व प्रदान गरिनेछ । साथै ज्वालामूखी गाउँपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउन नेपाल सरकार, बागमती प्रदेश सरकार, विकास साझेदारहरु, निजी क्षेत्र, अन्तराष्ट्रिय दातृ समुदाय, गाउँपालिकाका कर्मचारीहरु र सम्पूर्ण बुद्धिजीवी एवं प्रवुद्ध वर्गमा हार्दिक अपिल गर्दछु ।

धन्यवाद ।
जय ज्वालामूखी ॥।

विनोदराज तिमल्सेना
अध्यक्ष
ज्वालामूखी गाउँपालिका

ज्वालामूखी गाउँपालिका पाँचौं अधिवेशन